मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मोवाइलको लतबाट बालबालिकालाई बचाऔं
➢ मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
➢ मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,
➢ मोवाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
➢ यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
➢ उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
अभिभावकले अत्याधिक मोवाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ,
त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : २६ ★ अङ्क : ३१ ★ ने. सं. ११४४ शिल्ला थ्व, चतुर्दशी ★ शुक्रबार ★ ११ फागुन, २०८० ★ February 23, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## देशमा व्याप्त भ्रष्टाचार, अनियमितता आदिको विरोध गर्ने नयाँ पुस्ता देशलाई आवश्यक




भक्तपुर, १० फागुन । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वागीश्वरी माध्यमिक विद्यालयको ६५ औँ, वागीश्वरी कलेजको १६ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको प्रथम वार्षिकोत्सव समारोहको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सिद्धान्त र विचारबाट प्रभावित जनता आफ्नो विचारमा अडान लिनुपर्ने बताउँदै देशमा व्याप्त भ्रष्टाचार, अनियमितता आदिको विरोध गर्ने नयाँ पुस्ता देशलाई आवश्यक भएको बताउनुभयो ।

परीक्षामा खुकुलो पारिदिए देशद्रोहीहरू तयार हुने बताउँदै उहाँले अनुशासित र मेहनती विद्यार्थीहरू आफ्नो पद र मर्यादाअनुसार काम गर्न सक्षम हुने बताउनुभयो ।

उद्योगधन्दा तथा कलकारखानाहरू निजीकरणले गर्दा देशको आर्थिक अवस्था झन्झन् कमजोर हुँदै गएको बताउँदै उहाँले देशमा भएका ठूल्ठुला काण्ड र देशघाती सम्झौताहरूमा शासक दलहरूकै संलग्नता पुष्टि भइरहेको बताउनुभयो ।

पढे-लेखेका बुद्धिजीवीहरूले देशलाई घात गरिरहेको बताउँदै उहाँले युवाहरूलाई शिक्षा र रोजगारीको नाममा विदेश पठाउने चलखेलमा अन्तर्राष्ट्रिय षड्यन्त्र भइरहेको प्रस्ट पार्नुभयो ।

विद्यार्थीहरूलाई शैक्षिक र बौद्धिकरूपमा अगाडि बढाउन प्रेरित गर्नुपर्ने बताउँदै अध्यक्ष बिजुक्छेँले एनजीओ तथा आइएनजीओहरू बुद्धिजीवी गुप्तचरको रूपमा परिचालित रहेकोतर्फ सजग हुनुपर्ने बताउनुभयो ।

आलोचना र आत्मलोचनाबाट भाग्ने होइन, त्यसको डटेर सामना गर्न विद्यार्थीहरूलाई सक्षम बनाउनुपर्ने बताउँदै उहाँले राजधानीकेन्द्रित विकास र सेवा सुविधाले काठमाडौँ उपत्यका प्रदूषित र अपराधको केन्द्र बन्दै गइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति, वागीश्वरी कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रोजगारीको निम्ति श्रमसँग जोडिएको शिक्षा आवश्यक भएको हुँदा राज्यले देशको आवश्यकताअनुसार राम्रो पूर्वाधारसहितको प्राविधिक शिक्षालय खोल्नु प्रभावकारी हुने बताउनुभयो ।

भक्तपुर नपाले सीटीईभीटीसँग हेल्थ एसिस्टेन्ट, रेडियोलोजिष्ट, फार्मेसीलगायतका विषयको कक्षा सञ्चालन गर्न स्वीकृति माग गरेको लामो समय भइसक्दा पनि अहिलेसम्म स्वीकृति प्राप्त नभएको बताउँदै उहाँले सक्षम कलेजहरूलाई कक्षा सञ्चालन गर्न सहज वातावरणको अवस्था सिर्जनामा सीटीईभीटीले आवश्यक समन्वयकारी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अनुमति पाए धेरै सस्तोमा पढाउने योजना रहेको बताउँदै उहाँले ख्वप इन्जिनियरिङ कलेजले राम्रा र क्षमतावान इन्जिनियरहरू उत्पादन गरेजस्तै चिकित्सकहरू पनि उत्पादन गर्ने उद्देश्य नपाको रहेको बताउनभयो ।

भक्तपुरका कलेजहरूले गुणस्तरीय शिक्षाको साथै देशको सार्वभौमिकता र स्वतन्त्रताबारे पनि जानकारी दिने प्रयास गरिरहेको बताउँदै उहाँले देशको सार्वभौमिकता र स्वतन्त्रतामा आँच पुग्ने काम कहीँकसैबाट भए वागीश्वरीका शिक्षक र विद्यार्थीहरू जुनसुकै बेला त्यसको विरोधमा उत्रन तयारी अवस्था बस्नुपर्ने विचार राख्नुभयो ।

वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले वागीश्वरी मावि र कलेजले देश विकास, समाज उत्थान र समाजलाई सभ्य र सुसंस्कृत बनाउन यथोचित योगदान पुऱ्याइरहेको उल्लेख गर्दै सांस्कृतिक, शैक्षिक, साहित्य र प्रकाशनको क्षेत्रमा यस विद्यालयले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

मेहनती विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त प्रयासले वागीश्वरीले आजको उचाइ प्राप्त गरेको चर्चा गर्दै उहाँले शिक्षालय सामूहिक प्रतिस्पर्धा गर्ने थलो हो र देशको लागि आवश्यक उत्कृष्ट विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिनुपर्ने बताउनुभयो ।

बाँकी पृष्ठ ८ मा

## भन्सारमा मल थन्काउने र भारतबाट खाद्यान्न आयात गरी व्यापार घाटा बढाउने दोषीलाई मृत्युदण्ड हुने कानुन जरूरी छ !



काठमाडौँ, १० फागुन । आम सञ्चारमा प्रकाशित भयो, "तातोपानी भन्सारमा १० महिनादेखि ७ लाख ३५ हजार बोरा मल थन्किरहेको छ । किसानले समयमा मल नपाउँदा उत्पादन घट्यो । भारतीय खाद्य उत्पादन महँगोमा किन्नुपर्दा नेपालको व्यापार घाटा बढ्यो । देश र जनताविरोधी यो षड्यन्त्रमा संलग्न प्रधानमन्त्री, कृषिमन्त्री, कृषि सामग्री कम्पनीका अधिकारीहरू को को हुन् ? दोषीलाई मृत्युदण्ड दिने कानुनी व्यवस्था गर्नु जरूरी छ ।"

७५ वर्षदेखि युद्ध क्षेत्र इजरायलमा नेपाली युवा र विद्यार्थीलाई काम गर्न पठाउने प्रधानमन्त्री, मन्त्री र अधिकारीहरूलाई कारबाही हुनुपर्दछ । विपिन जोशी इजरायली सरकार वा हमास कसको कब्जामा छ सरकारले स्पष्ट गर्नु जरूरी छ । आफ्नो खर्बौं रुपैयाँ बचत फिर्ताको लागि ठग सहकारी सञ्चालकको विरोधमा पीडित बचतकर्ताहरू धर्नामा छन् । लघुवित्तबाट पीडित र मिटरब्याज पीडित जनता पनि सडक सङ्घर्षमा छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले पीडितहरूको समस्या चाँडै समाधान हुने बताउनुभयो । प्रधानमन्त्रीलाई समाधानको उपाय के हो संसद्मा स्पष्ट गर्न लगाउनु जरूरी छ । मिटरब्याज चक्रवर्ती ब्याज हो । सावाँभन्दा बढी ब्याज तिरेकाको ऋण माफी हुने कानुनी व्यवस्था छ । आफूलाई समाजवादी र कम्युनिस्ट दाबी गरेका शासक दलहरू केही गर्न नसक्ने अवस्थामा समेत सरकारमा बस्नु कसरी उचित होला ?

७–८ वर्षदेखि नगरकोट र दुवाकोट सडक बिगारेर त्यतिकै राखिएको छ । निर्माण बिलम्ब गर्ने को को हुन् ? मेलम्ची खानेपानी आयोजनाको इन्टेक निर्माण नै बिग्रिएको हुँदा ६० अर्ब रूपियाँ खेर जाने भयो । यसका दोषीहरूलाई कारबाही हुनुपऱ्यो ।

आईसीयूमा रहेका बिरामी र एनआईसीयूमा रहेका नवजात शिशुको फोक्सो, छाती, क्षयरोग, मुटु, क्यान्सरका बिरामीलाई आवश्यक औषधि सहज छैन । बच्चाको फोक्सो फुलाउने सर्फेक्टटेन्ट औषधि भारतमा ६ हजार पर्ने नेपालमा १६ हजारभन्दा बढी मूल्यमा बिनाबिल बिक्री भइरहेको छ । स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागका अधिकारीहरूलाई कारबाही नभएकोमा जनता आक्रोसित छन् ।

प्रधानमन्त्री र मन्त्रीलगायत सत्तागठबन्धनका नेताहरू र प्रमुख विपक्षी

बाँकी पृष्ठ ८ मा

## विद्यार्थी कुटपिट गर्नेमाथि कारबाहीको माग

भक्तपुर, १० फागुन । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सानो ठिमी क्याम्पस हाताभित्र क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई कुटपिट गरेको विरोधमा भर्त्सना गर्दै क्याम्पस एकाइ समितिले बिहीबार एक विज्ञप्ति प्रकाशित गरेको छ ।

एकाइ अध्यक्ष शम्भु जाउलाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, "नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सदैव निःशुल्क, अनिवार्य र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाको लागि सङ्घर्षरत छ । प्राज्ञिक क्षेत्रमा भइरहेको भागबन्डा र अनियमितता अन्त्य गर्नुपर्छ । भागबन्डाकै कारण शैक्षिक संस्थाहरू भद्रगोल र ध्वस्त हुँदै छन् । सरकारी क्याम्पसहरूलाई एकएक पाइला गर्दै निजीकरण गरिँदै छ । सरकारले अवलम्बन गरेको नवउदारवादी अर्थनीतिका कारण मजदुर र किसानका छोराछोरी अध्ययनबाट वञ्चित छन् ।

फागुन ९ गते बिहान करिब १० बजे सानो ठिमी क्याम्पस हाताभित्र क्याम्पसमा अध्ययनरत विद्यार्थी रूपेशसिंह ठकुरी र जीवनबम ठकुरीलाई कुटपिट गरेकोमा नेक्राविसङ्घ विरोध एवम् भर्त्सना गर्दछ । क्याम्पसको शैक्षिक वातावरण बिगार्ने छुट कसैलाई छैन । क्याम्पसमा प्राज्ञिक छलफल र बहसको वातावरण बनाउनुपर्छ ।

घाइते विद्यार्थीको स्वास्थ्यलाभको कामना गर्दै दोषीलाई तत्काल कारबाही गर्न नेक्राविसङ्घ जोडदार माग गर्दछ । क्याम्पसमा भयरहित वातावरण सिर्जना गरी नियमित पठनपाठन गराउनको लागि क्याम्पस प्रशासनसमक्ष अनुरोध गर्दछौं ।

## अन्तरनगर महिला कबड्डी प्रतियोगिता मूल समितिको बैठक सम्पन्न

भक्तपुर, १० फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको आयोजना फागुन २९ गतेदेखि चैत ३ गतेसम्म हुने अन्तरनगर महिला कबड्डी प्रतियोगिता २०८० मूल समितिको बैठक बिहीबार सम्पन्न भयो ।

बैठकमा प्रमुख प्रजापतिले खेलकुद प्रतियोगिताहरू आन्तरिक पर्यटन प्रवर्द्धन र आकर्षण गर्ने माध्यम पनि भएको बताउँदै खेलकुद क्षेत्र विकासको लागि सरकारले भौतिक पूर्वाधार निर्माणतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

प्रतियोगिता सञ्चालनले विभिन्न जिल्लाबाट आउने खेलाडीहरूसँग अनुभव आदान हुने बताउँदै उहाँले आयोजकले प्रतियोगिता अवधिभर सहभागी खेलाडीहरूलाई सबै पक्षमा सहजता प्रदान गर्न संवेदनशील भएर लाग्नुपर्ने बताउनुभयो ।

राज्यले जुन क्षेत्रलाई प्राथमिकता दिन्छ त्यो क्षेत्र अरुभन्दा तुलनात्मकरूपमा अगाडि बढेको हुन्छ भन्दै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य सँगसँगै खेलकुदलाई पनि प्राथमिकतामा राखी काम गरेको कारण आज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादनमा टेवा पुगिरहेको छ भन्नुभयो ।

एसियन कबड्डी सङ्घका उपाध्यक्ष विनोद प्रजापतिले भक्तपुरमा कबड्डी खेल संस्थागत गर्न भक्तपुर नपाको उल्लेखनीय योगदान रहेको चर्चा गर्दै प्रतियोगिता अवधिभर खेलाडीहरूको सुरक्षामा विशेष ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले अन्तर नगर महिला कबड्डी प्रतियोगिता सञ्चालनको लागि १५१ जनाको मूल समिति, ११ वटा उपसमिति गठन गरेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले कुशल व्यवस्थापनमा अन्तर नगर कबड्डी प्रतियोगिता सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

# पहिलो पटक ख्वपमा भयो विजनेस आइडिया प्रमोसन कम्पिटिसन



भक्तपुर, १० फागुन । विद्यार्थीहरूमा उद्यमशीलताको विकास गर्ने अभिप्रायका साथ भक्तपुरमा बिहीबार विजनेस आइडिया प्रमोसन कम्पिटिसन ( व्यवसाय विचार प्रवर्द्धन प्रतियोगिता) भएको छ । ख्वप कलेज देकोचा भक्तपुरको आयोजनामा भएको प्रतियोगितामा उत्कृष्टलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिने आयोजक कलेजले जनाएको छ ।

ख्वप माविको २४ औं, ख्वप कलेजको २२ औं, शारदा क्याम्पस माविको ३३ औं र ख्वप कलेज अफ लको प्रथम वार्षिक उत्सवको क्रममा प्रतियोगिता भएको हो । प्रतियोगितामा कलेजमा व्यवस्थापन सङ्कायमा अध्ययनरत विद्यार्थीहरू प्रतिस्पर्धीका रूपमा रहेका छन् । उनीहरूले यसको लागि ४० भन्दा बढी विभिन्न स्टलहरू राखेका छन् ।

आयोजक कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले राखिएका स्टलहरूको मूल्याङ्कन विज्ञहरूको टोलीले गर्ने बताउनुभयो । अवलोकनकर्ताहरूबाट उत्कृष्ट लाग्ने ३ वटा उद्यमशील स्टललाई आफ्नो मत प्रदान गर्ने अवसर प्रदान गरिएको उहाँले बताउनुभयो । विद्यार्थीलाई अब पढाइ सँगसँगै व्यवसाय पनि गर्न सिकाउने उद्देश्यले पहिलो पटक यो कार्यक्रम गरेको उहाँले भन्नुभयो ।

प्रतिस्पर्धीहरूको छनोट गरी पहिलोलाई १५ हजार, दोस्रोलाई १० हजार र तेस्रोलाई पाँच हजार नगदसहित प्रमाणपत्र प्रदान गरिने छ । कलेजको वार्षिकोत्सव समापन समारोहमा पुरस्कार प्रदान गरिनेछ । तीनदिने वार्षिकोत्सव शुक्रबार सकिनेछ ।

# दमक नपाका उपप्रमुख भट्टराई प्रसाई भक्तपुर नपामा



भक्तपुर, १० फागुन । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग दमक नगरपालिकाका उपप्रमुख रेगिना भट्टराई प्रसाईले भनपा सभाकक्षमा बिहीबार भेट गर्नुभयो । उपप्रमुख जोशीले आगन्तुक उपप्रमुख भट्टराई प्रसाईलाई खादा ओढाई स्वागत गर्नुभएको थियो ।

भेटमा दुई नपाबिच भएका असल अभ्यासबारे छलफल भयो । उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुदलगायत सम्पदा संरक्षण र विकास निर्माणमा गरिरहेको कार्यहरूको बारेमा जानकारी दिँदै भक्तपुर नगरपालिकाले ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको र ती कलेजहरूमा ७७ वटै जिल्लाका करिब ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

उपप्रमुख भट्टराईले विभिन्न स्थानीय तहहरूको असल अभ्यासको बारेमा जानकारी आदानप्रदान गर्दै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्य उल्लेखनीय भएको बताउनुभयो ।

भेटपश्चात् उपप्रमुख जोशीले उपप्रमुख भट्टराई प्रसाईलाई भनपाका केही प्रकाशनहरू प्रदान गर्नुभएको थियो । साथै उपप्रमुख भट्टराई प्रसाईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङको अवलोकन गर्नुभएको थियो ।

भेटमा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्ल, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति थियो ।

# कर्मचारीहरू ट्रेड युनियनवादी सोचबाट ग्रसित हुनु हुँदैन

भक्तपुर, १० फागुन । नेपाल कर्मचारी समाजको फागुन २६ गते हुन गइरहेको तेस्रो राष्ट्रिय सम्मेलनको तयारीबारे बिहीबार कर्मचारीहरूको भेला भयो ।

भेलामा नेपाल कर्मचारी समाज तेस्रो राष्ट्रिय सम्मेलन तयारी समितिका संयोजक गौतमप्रसाद लासिवाले नेपाल कर्मचारी समाजमा आबद्ध कर्मचारीहरू ट्रेड युनियनवादी सोचको विरुद्धमा देश र जनताको सेवामा समर्पित हुन्छन् भन्नुभयो ।

कर्मचारीहरूले हाम्रो देश र अन्तर्राष्ट्रिय राजनैतिक अवस्थाबारे अध्ययन गरी संसारका कामदार जनताको पक्षमा लाग्नुपर्ने बताउँदै उहाँले समाजवादी व्यवस्थामा मात्र कामदार जनताको हित हुने भएकोले पुँजीवादी व्यवस्थाको दोषबारे जनतालाई बताउनुपर्छ भन्नुभयो ।

उहाँले कर्मचारीहरूबाट जनताले सेवाको आशा गर्ने तर भ्रष्ट र दलाल कर्मचारीहरूबाट जनता निराश भइरहेकोले कर्मचारी समाजका साथीहरूले जनताको विश्वास जित्ने गरी काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले तेस्रो राष्ट्रिय सम्मेलन भव्यताका साथ सफल पार्न सम्पूर्ण कर्मचारीहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा नेपाल कर्मचारी समाजका केन्द्रीय सदस्य दिलकृष्ण माकले नेपाल कर्मचारी समाज स्थापनाको उद्देश्य जनताको सेवा गर्नुबाहेक अरु केही पनि स्वार्थ नरहेको बताउनुभयो । उहाँले कर्मचारीहरूले भत्ता र सुविधाको लोभमा काम गरे भ्रष्ट हुँदै जाने र जनताले अविश्वास गर्ने बताउनुभयो ।

भेलामा नेपाल कर्मचारी समाजका केन्द्रीय सदस्य काशीलाल प्रजापति, नेपाल कर्मचारी समाज भक्तपुर जिल्ला समितिका सदस्य लक्ष्मीप्रसाद सुवाल र कर्मचारी विष्णुप्रसाद फेलुले पनि कर्मचारी समाजको आवश्यकताबारे आ-आफ्नो विचार राख्नुभएको थियो ।

# मनोविज्ञान विषयमा शैक्षिक प्रदर्शनी

**विमला तामाङ, प्रशिक्षार्थी**

भक्तपुर, १० फागुन । ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा क्याम्पस र ख्वप कलेज अफ ल को वार्षिको उत्सवको अवसरमा बिहीबार शैक्षिक प्रदर्शनी गरियो । विज्ञान, व्यवस्थापन मानविकी र कानुन विषयमा अध्ययनरत विद्यार्थीहरूले सो प्रदर्शनी गरेका थिए ।

मनोविज्ञान विषयमा अध्ययनरत पहिलो वर्षका विद्यार्थीले तनाव व्यवस्थापन विषयमा, दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीले मास्लोको जीवन आवश्यकता र भाव बक्स विषयमा र तोस्रो वर्षमा अध्ययनरत विद्यार्थीले एस.क्यु.आर(SQR) टेस्ट, डिप्रेसन, एन्जाइटी, तनाव(DASS) को टेस्ट र सेल्फ एसेस्मेन्ट (self assesment) टेस्ट गर्नुका साथसाथै मेज लनिङ (Maze learning) टेस्ट पनि गरेका थिए ।

उक्त प्रदर्शनीमा वागीश्वरी, आदर्श आजाद, पायारागनलगायतका अन्य १ दर्जन भन्दा बढी विद्यालयले अवलोकन गरे । प्रदर्शनी निकै ज्ञानमूलक, शिक्षामूलक र बौद्धिक स्तरको थियो भन्ने अवलोकनकर्ताहरूको भनाइ रहेको छ ।

# ख्वप कलेजमा रक्तदान

**- सलिना खत्री, प्रशिक्षार्थी**

भक्तपुर, १० फागुन । ख्वप कलेजको २२ औं, ख्वप माध्यमिक विद्यालयको २४ औं, शारदा क्याम्पसको ३३ औं र ख्वप कलेज अफ लको पहिलो वार्षिक उत्सवको अवसरमा बिहीबार रक्तदान कार्यक्रम भयो ।

रक्तदान कार्यक्रम ख्वप कलेज बीएएसडब्लु सामाजिक कार्य विषयका उपप्राध्यापक सुन्दर श्रेष्ठको नेतृत्वमा सामाजिक कार्यमा अध्ययनरत विद्यार्थीहरूको सहकार्यमा सञ्चालन भयो । उक्त कार्यक्रममा ४८ जना रक्तदाताहरूले रक्तदान गरे । रक्तदाताहरूमध्ये ४० जना ख्वप कलेजकै शिक्षक, प्राध्यापक तथा विद्यार्थीहरू थिए भने ८ जना बाह्य विद्यार्थी, अभिभावक र प्रदर्शनी हेर्न आउने महानुभावहरू थिए ।

उपप्राध्यापक सुन्दर श्रेष्ठका अनुसार 'रक्तदान जीवनदान' भन्ने मूल नारालाई आत्मसात गर्दै हरेक वर्ष ख्वप कलेजको वार्षिक उत्सवको अवसर पारेर रक्तदान कार्यक्रम सञ्चालन गरिन्छ । "हामी रक्तदाताहरूको उत्साह देखेर निकै खुसी भएका छौं । आगामी दिनमा पनि हामी यस्तै सामाजिक कार्य सञ्चालन गर्नेछौं," श्रेष्ठले थपे ।

ख्वप कलेजद्वारा आयोजना गरिएको रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाद्वारा प्राविधिक सहयोग प्रदान गरियो । कार्यक्रम सफल पार्न कलेजकै मानविकी सङ्कायका प्रथम, दोस्रो र तेस्रो वर्षका १५ जना विद्यार्थीहरूले स्वयम्सेवकको भूमिका निर्वाह गरेको कलेजका एमए अङ्ग्रेजीका इन्चार्ज कमिनिका न्याईच्याईले जानकारी दिनुभयो ।

# कीर्तिपुरमा 'श्रमिक' पत्रिकाको अन्तरक्रिया

कीर्तिपुर, १० फागुन । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा बुधबार 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम कीर्तिपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विचारप्रधान 'श्रमिक' पत्रिकामा प्रकाशित समाचार र आलेखहरूबारे अन्तरक्रियात्मकरूपले अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले पत्रिकाको कमजोरी पक्षलाई पनि उजागर गर्नुपर्छ भन्नुभयो ।

'श्रमिक' पत्रिकामा प्रकाशित समाचार र लेखहरूबाट जनतामा चेतना स्तर वृद्धि गर्न
महत्त्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका हरिकुमार महर्जनले पत्रिका पनि वर्गीय हुने भएकोले नेमकिपाको सामाजवादी विचार र गतिविधि अन्य पत्रिकामा प्रकाशित नभएकोमा आश्चर्य हुननपर्ने बताउनुभयो ।

अविरमान महर्जनले देशमा भइरहेको भ्रष्टाचारलाई मलजल र प्रोत्साहन गर्ने काम मन्त्रीले नै गरिरहेकाले जनता सचेत भई त्यस्ता गतिविधिविरूद्ध लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति वासुमान महर्जनले पार्टीका कार्यकर्ताहरू पत्रिका अध्ययन गर्दै प्रस्तुति शैलीको पनि विकास गर्नुपर्ने बताउनुभयो ।

हार्दिक समवेदना



गोविन्ददास कोजू

जन्म : १९८८ साउन १२ गते    निधन : २०८० फागुन २ गते

यस संस्थाका सञ्चालक समितिका सदस्य आशराम कोजूका पूजनीय पिता **गोविन्ददास कोजू**को स्वर्गारोहण हुनुभएको आज दसौं दिनमा दिवङ्गत आत्माको वैकुण्ठबास होस् भनी चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

भक्तपुर-७, जगाती

## सङ्क्षिप्त समाचार

# “दृष्टिविहीनप्रति जिम्मेवार बन्नुपर्छ”

खजुरा (बाँके), १० फागुन । नेपालगञ्जस्थित मङ्गलप्रसाद माध्यमिक विद्यालयमा ४२ भन्दा बढी दृष्टिविहीन र न्यूनदृष्टियुक्त बालबालिका र किशोरकिशोरी अध्ययनरत रहेका छन् ।

विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत दृष्टिविहीन र न्यूनदृष्टियुक्त विद्यार्थीको संस्थागत अभिभावकत्वको जिम्मेवारी बाँके नेत्रहीन सङ्घले लिएको छ । सङ्घले ती विद्यार्थीलाई शिक्षा, सीप विकास तालिम र रोजगारी दिलाउने तथा उनीहरूको अधिकार स्थापित गराउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ ।

सोही विद्यालयका दृष्टिविहीन शिक्षक भोला त्रिपाठी भन्नुहुन्छ, “सङ्घले विभिन्न निकायसँगको सहकार्यमा दृष्टिविहीन र न्यूनदृष्टियुक्तको जीवनलाई सहज र सरल बनाउने प्रयास गर्दै आएको छ ।” विद्यालयमा अध्ययनरत दृष्टिविहीन र न्यूनदृष्टियुक्तको अध्ययन निःशुल्क हुने गरेको छ । त्यसको चाँजोपाँजो नेपालगन्ज उपमहानगरपालिकाको शिक्षा शाखाले मिलाएको छ । शिक्षा शाखाले प्रत्येक विद्यार्थीका लागि मासिक रु. चार हजार रकम उपलब्ध गराउँदै आएको छ ।

“न्यूनदृष्टिविहीन र न्यूनदृष्टियुक्त विद्यार्थीका लागि निःशुल्क शिक्षादीक्षा, सीपमूलक तालिम एवं रोजगारीमा आरक्षणको व्यवस्थाले पनि उनीहरूको जीवन सहज ढङ्गबाट अगाडि बढाउन अवसर मिलेको छ,” शिक्षा शाखा प्रमुख गोर्खबहादुर थापाको भनाइ छ ।

सङ्घको तथ्याङ्कअनुसार, बाँकेमा झन्डै पाँच हजार अपाङ्गता भएकामध्ये दृष्टिविहीन र न्यूनदृष्टियुक्तको सङ्ख्या झन्डै दुई सय रहेको छ । शिक्षक त्रिपाठी भन्नुहुन्छ, “दृष्टिविहीनका लागि अहिले जति सुखद प्रयास भएका छन्, यो नै पर्याप्त छैन । यसका लागि राज्य अझ जिम्मेवार हुनैपर्छ ।” *रासस*

# बक्सिङ छनोट प्रतियोगिता सुरु

ललितपुर, १० फागुन । अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८० र वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगिता -२०८० को लागि छनोट प्रतियोगिता बिहीबारबाट सुरु भयो ।

बिहीबार भएको छनोट प्रतियोगितामा पुरूषतर्फ ४८ केजीको सेमिफाइनलमा नुवाकोटका सञ्जय लामा, ५३ केजीमा काठमाण्डौँका कमल थापा, ६० केजीमा नुवाकोटका समर लामा, ७१ केजीमा नुवाकोटका एअश्विन धिरन श्रेष्ठले जित हासिल गर्नुभयो ।

महिलातर्फ सेमिफाइनल ४८ केजीमा एचटुवका मनिषा राई, ५७ केजीमा काठमाडौँका प्रेमा श्रेष्ठ र ५० केजी तौलमा फाइनलमा स्वितस्का रमिशा श्रेष्ठले जित हासिल गरे ।

पुरूषतर्फको फाइनलमा ५४ केजीमा काठमाडौँका मदनकृष्ण डंगोल, ५७ केजीमा नुवाकोटका निरञ्जन मोक्तान र ८६ केजीमा काठमाडौँका उमङ्ग महर्जनले जित हासिल गरेको प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

# लुम्बिनी प्रादेशिक अस्पताल उत्कृष्ट

लुम्बिनी, १० फागुन । बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल देशभरिका सरकारी अस्पतालमध्येमा उत्कृष्ट घोषित भएको छ । यो अस्पताल न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनका आधारमा देशका सबै सरकारी अस्पतालमध्येबाट उत्कृष्ट भएको हो ।

सेकेन्डरी बी लेभल अस्पतालको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा लुम्बिनी प्रादेशिक अस्पताल तेस्रोपटक प्रथम हुन सफल भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुदर्शन थापाले जानकारी दिनुभयो ।

स्वास्थ्य निर्देशनालय न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन समितिका अनुसार न्यूनतम मापदण्ड मूल्याङ्कनमा लुम्बिनी प्रादेशिक अस्पतालले यस वर्ष ८९ अङ्क प्राप्त गरेको छ । अघिल्लो वर्ष पनि ८० अङ्क प्राप्त गरी पहिलो बनेको प्रादेशिक अस्पतालले यो वर्ष थप अङ्क प्राप्त गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. थापाले जानकारी दिनुभयो ।

लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयले लुम्बिनी प्रादेशिक अस्पतालको सर्वेक्षणपश्चात् मङ्गलबार र बुधबार दुई दिनसम्म बुटवलमा आयोजना गरेको मूल्याङ्कन तथा समीक्षा गोष्ठीमा अस्पताल प्रथम भएको जानकारी गराइएको हो ।

अस्पतालको सुशासन र व्यवस्थापन, ‘क्लिनिकल’ व्यवस्थापन र अस्पतालको ‘सपोर्ट सर्भिस’ जस्ता विषयलाई सर्वेक्षणका प्रमुख मापदण्ड बनाइएको थियो । मूल्याङ्कन समितिमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय काठमाडौँ, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय दाङ र निक सिमोन्स इन्स्टिच्युट काठमाडौँ रहेको छ ।

लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, नवलपरासीसहित प्युठान, स्याङ्जा, रुकुम, रोल्पालगायत जिल्लाबाट उपचारका लागि बिरामी लुम्बिनी प्रादेशिक अस्पतालमा आउने गर्दछन् । *रासस*

# सगरमाथा क्षेत्रमा अत्यावश्यक पर्यटन संरचना निर्माण

सल्लेरी (सोलुखुम्बु), १० फागुन । नेपाली सेनाले सगरमाथा क्षेत्रमा अत्यावश्यक पर्यटन संरचना निर्माण गरेको छ । खुम्बु भ्रमणमा आउने स्वदेशी तथा विदेशी पर्यटकलाई दृष्टिगत गरी तीन हजार चार सय मिटरको उचाइमा अवस्थित खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ फुङ्गी थेङ्गामा चारकोठाको दुईसिटे शौचालय निर्माण गरेको नेपाली सेना रणशुर गुल्म नाम्चेले जनाएको छ ।

जनहित कार्यका लागि विनियोजित रु. १० लाख बजेटबाट करिब तीन महिनाको अथक प्रयासमा निर्माणसम्पन्न गरिएको दुर्गा बक्स गणका सेनानी नवराज बस्नेतले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “शौचालय गत मङ्सिर १७ गतेदेखि सुरु गरी माघ १३ गते निर्माणसम्पन्न गरेको हो, पूर्वी पृतनामा पृतनापति उपरथी आशबहादुर तामाङको सल्लाह, सुभावमा सगरमाथा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ रणशुर गुल्मका गुल्मपति सेनानी प्रचण्डविक्रम भारतीको पहल तथा गुल्मका सकलदर्जाको करिब तीन महिनाको अथक प्रयासमा निर्माण भएको हो ।”



**सोलुखुम्बु र तिब्बतसँगको सिमाना नाङपाला नाका**
सोलुखुम्बुको खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ र तिब्बतसँगको सिमाना नाङपाला नाका । यो २०६७ साल यता बन्द अवस्थामा रहेको छ ।
तस्बिर : रामललन यादव/रासस

# खोप लगाउन घरघरमा निमन्त्रणा

नेपालगन्ज, १० फागुन । बाँकेको नेपालगन्ज उपमहानगरपालिकामा दादुरा तथा रुबेला खोप लगाउन घरघरमा निमन्त्रणा कार्ड बाँडिने भएको छ । उपमहानगरपालिकास्तरीय खोप समन्वय समितिको बिहीबार भएको बैठक तथा अभिमुखीकरणमा पालिकाका स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्देले सो जानकारी दिनुभएको हो ।

उपमहानगरपालिकाको वडावडामा स्वयंसेविकामार्फत निमन्त्रणा कार्ड बाँडेर बालबालिकालाई खोपको पहुँचमा ल्याइने जानकारी दिँदै उहाँले खोप लगाउनका लागि धार्मिक समूह र सीमान्तकृत समुदायसँग अन्तरक्रिया गरिने जानकारी दिनुभयो । नेपालगन्ज सहरका घना बस्ती, सुकुमबासी बस्ती, उद्योग तथा कारखाना, बालमन्दिर, अनाथ आश्रम, इँटाभट्टा अन्तरदेशीय सीमा, बसपार्कजस्ता ठाउँमा पनि खोपको पहुँच बढाइने उपमहानगरपालिकाले जनाएको छ ।

महाशाखा प्रमुख चन्देले खोप लगाउन छुट भएका समुदाय, वर्ग र स्थानको पहिचान गरी प्रभावकारीरूपमा खोप अभियान सञ्चालन हुने उल्लेख गर्दै अहिलेसम्म पालिकामा चार प्रतिशतले खोप नलगाएको बताउनुभयो । उहाँले भन्नुभयो, “पहिले खोप लगाउने तर पछिल्ला खोप निरन्तर नलगाउने समस्या बढ्दै गएको पाइन्छ ।”

नेपालगञ्ज उपमहानगरपालिकाका कार्यवाहक प्रमुख कमरुद्दिन राईले खोप अभियानलाई प्रभावकारी बनाउन यसका अवरोध हटाउन आवश्यक भएको बताउनुभयो । स्वास्थ्य कार्यालय, बाँकेका स्वास्थ्य अधिकृत नरेश श्रेष्ठले खोप अभियानलाई विद्यालय केन्द्रित गरिएको जानकारी दिँदै विद्यालयमा पहुँच नभएकालाई उमेर समूहका हिसाबले खोप लगाउने बताउनुभयो । यही फागुन १३ देखि १९ गतेसम्म उपमहानगरमा नौ महिनादेखि १५ वर्षसम्मका ४२ हजार दुई सय ७० बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएको छ । सरकारले सन् २०२६ सम्ममा दादुरा रुबेला रोग निवारणको लक्ष्य राखेको छ ।

खोप अभियान प्रभावकारी नभएका कारण अघिल्लो वर्ष नेपालगन्जमा दादुराको महामारी देखिएको थियो । सो महामारीबाट तीन सय १९ जना सङ्क्रमित भएका थिए भने एकजनाको मृत्यु भएको थियो । *रासस*

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, भक्तपुर**
**सूर्यविनायक न.पा.-५, चुनदेवी**

सूचना नं. ९. परियोजना कार्यान्वयन एकाइ, भक्तपुरअन्तर्गत सञ्चालन हुने

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानसम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/११/११)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ-भक्तपुरको चालु आ व ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलबमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरूको तपसिलमा उल्लेखित आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र अर्थात् (मिति २०८०/१२/१० गतेभित्र/सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालनसम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल :

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु | अनुदान रकम भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ वर्षदेखि ५० वर्ष उमेर समूहभित्रका सदस्यहरूबाट सञ्चालित कृषक समूह, कृषि सहकारी, र निजी कृषि फर्म/कम्पनीहरू | काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को दफा ६ मा उल्लेख भए बमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृङ्खलाका क्षेत्रहरूमा सञ्चालन गरिने । | -प्रतिप्रस्ताव बढीमा चार लाख रुपैँयासम्म । -स्वीकृत प्रस्तावअनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने । |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**
(१) कार्यक्रम सञ्चालनसम्बन्धी निर्दिष्ट ढाँचाबमोजिमको प्रस्ताव ।
(२) निवेदकको व्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरू (निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी फोटोसहितको परिचयपत्रको प्रतिलिपि) ।
(३) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गासम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षको लागि गरिएको सम्भौता पत्रको प्रतिलिपि) ।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमासम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबारसम्बन्धी अन्य कागजातहरू (Audit Report) ।
(५) स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र ।
(७) सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र

**आवेदन पेश गर्ने कार्यालय :**
परियोजना कार्यान्वयन एकाइ-भक्तपुर,
सूर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर
सम्पर्क नंम्बर : ०१-५७०८१००
सूचना अधिकारी : ९८५११४२१३१
Email : pmamp.piu.bhaktapur@gmail.com
नोटः अनुसूचि-२ अनुसारको आवेदन तथा अनुसूचि-३ अनुसारको कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाइ- भक्तपुर वा यस कार्यालयको वेवसाइट : piubhaktapur.pmamp.gov.np बाट प्राप्त गर्न सकिने छ ।

। सम्पादकीय ।

## विदेशी गैरसरकारी संस्था किन ?

'एनजीओ-आईएनजीओमा बेथितिको डङ्गुर', 'पाँच वर्षमा साढे १० खर्ब आयो, कता गयो ?' ('अन्नपूर्ण पोष्ट, १० फागुन २०८०)

नौ क्षेत्रमा लगानी गरे पनि ती संस्थाहरू सबै विदेशीलाई प्रतिवेदन अथवा जानकारी दिने संस्थाहरू साबित भए । अरू देशबाट सिकौँ ।

व्यवहारिक दृष्टिले हेर्दा साम्राज्यवादी देशहरू तेस्रो देशका मुलुकहरूलाई कलकारखाना, उत्पादनमूलक वस्तु र कुनै गरिब देश आफ्नो खुट्टामा उभिन सहयोग गर्दैनन् । साम्राज्यवादी देश र तेस्रो विश्वका मुलुकहरूको सम्बन्ध 'बाघ र बाख्रो' जस्तै हो । 'शिकारी र शिकार' को सम्बन्धलाई पश्चिमी देश परोपकारी वा कल्याणकारी भनी मनमा मात्र राखे पनि हाम्रो वा देशको जीवन खतरामा पर्नेछ ।

संरा अमेरिका र फ्रान्सले कम्बोडियामा ३०-४० वर्ष शासन गर्दा पानी तान्ने कल 'ट्युव बेल' वा 'चापा कल' र 'भेनिस्टाको सानो ज्यासल' कम्बोडियामा खोल्यो । भारतले नेपाललाई 'किन चाहियो नेपाललाई कपडा, चाहे जत्ति कपडा हामीले पुऱ्याइरहेका छौँ, किन जान्ने भएको' भन्ने उत्तर नेपालीले सुनेका थिए । बेलायतले भारतमा रेल बनाउनुको कारण भारतीय जनतालाई भन्दा भारतमा बेलायतको व्यापार वा भारतीय कच्चा पदार्थ बेलायत लाने र तयारी माल भारतमा बेचेर नाफा लिनु हो ।

त्यस्तै बेलायतले चीनमा १९ औँ शताब्दीको पछिलो चरणमा अफिम बेच्यो - मानौँ त्यो अमृत हो । सन् १८४० तिर पुग्दा चीनका सबै सुन र चाँडी बेलायतको थैलीमा पुग्यो । दरबारदेखि सहरका मध्यमवर्गसम्म 'अफिम' खाएर चुपचाप बस्ने गरे ।

चिनियाँ जनताले चाल पाउँदा दरबारका कति महत्त्वपूर्ण पदाधिकारीहरू चीनको पक्षमा होइन बेलायती साम्राज्यवादको पक्षमा थिए - जसरी सुगौली सन्धि हुँदा गजराज मिश्र र चन्द्रशेखर उपाध्याय थिए । त्यस्तै चीनका कैयौँ ठुलाबडा दरबारिया बेलायतका दलाल बनेका थिए नेपालका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायजस्तै ।

नेपालका आईएनजीओका ठुलाबडाहरू नेपाली भए पनि तिनीहरू नेपाल र नेपालीको हितमा होइन, 'नुनको सोझो गर्ने' गर्थे या 'जसको सिता खान्छ, उसकै गीता गाउने' खालका हुन्थे । यसमा कुनै दुविधा छैन ।

पश्चिमी देशले 'सीटीईभीटी' (प्राविधिक शिक्षा र व्यवसायिक तालिम) अन्तर्गत उत्तरी पहाडी विद्यालयका छात्राहरूलाई लुगा र पुस्तकहरू दिए, कति ठाउँमा अर्के गैरसरकारी संस्थाहरूले छात्रछात्राहरूलाई खाद्य सामग्री र दूध दिए । त्यसमध्ये कति ठाउँमा केही ठग शिक्षकहरूले भ्रष्टाचार गरे । तिनीहरू पक्राउमा परे, जेल गए र तिनीहरूको जागिर पनि गयो ।

१० वर्षमा ती छात्राहरूमध्ये केही प्रतिशत प्रवेशिका परीक्षा उत्तीर्ण भए र तिनीहरूमध्ये केही दाता राष्ट्रहरूकहाँ पुगे ।

त्यसबेला एउटा दाता राष्ट्रलाई सालाखाला ६० हजार नर्सहरूको आवश्यकता पर्‍यो, तर विवाह गरेपछि केही प्रतिशत नर्सिङ पेसा छोड्थे, केही अवकाशमा जान्थे र केही बढी (डलर) पैसा पाउने भएर संरा अमेरिका पुग्थे ।

त्यस देशलाई हरेक वर्ष भारतको केराला, श्रीलङ्का र फिलिपिन्सबाट नर्सहरू लैजान्थे । ती देशका नर्सहरू पनि अमेरिकामा नर्सिङ सेवा छोड्थे र अवकाश पाउँथे । नयाँ नर्सहरूको क्षेत्र नेपालको हिमाल र पहाड रोजियो र त्यसैको निम्ति 'सिरिचिरी' स्थापना गरियो ।

नेपाली काङ्ग्रेसको हातमा सुनको चरी प्राप्त भयो । एक एक जना नर्सको परीक्षामा १ देखि ३ लाखसम्म घुस खाएको प्रमाण भेटाएपछि केही वर्ष भक्तपुरलाई 'नर्सिङ' कलेज दियो र फेरि एकजना माओवादी मन्त्रीले १०० शय्याको अस्पताल नभए नर्सिङ कलेज बन्द गर्ने नीति ल्याए, धेरै नर्सिङ कलेजहरू बन्द हुनासाथै नेपालको सीमामा दर्जनौँ भारतीय नर्सिङ कलेजहरू खुले । त्यस्तै नीतिले गर्दा नेपालका अन्य कलेजहरू बन्द भए र छात्रछात्राहरू पश्चिमी देशमा पुगे तथा नेपालको अर्बौं डलर विदेश पुग्यो ।

सानो ठिमीको 'प्राविधिक शिक्षा र व्यवसायिक तालिम' दिने विद्यालयले अनेक प्राविधिक श्रमिक तालिम दियो; लाखौँ ती युवाहरूलाई बहुराष्ट्रिय कम्पनीहरूको निम्ति सस्तो ज्यामी वा सस्तो दास उपलब्ध गरायो । काङ्ग्रेसको ठाउँमा एमाले, माओवादी र अनेक 'समाजवादी' दलहरू आए गए । तर, उनीहरुले काम नेपाली काङ्ग्रेस र पञ्चायतकै गरे ।

# कृषिमा अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन नसक्नु सरकारकै असफलता

नेपालको प्राथमिकता कृषि भनिए पनि कागजमा मात्र सीमित भएको स्पष्ट छ । ६ महिनायता १२ अर्ब रूपैयाँको तरकारी भारतबाट आयात भयो । दाल, चामल र अन्य खाद्यान्नसमेत आयात गर्नुपर्ने सरकारले नेपाललाई कृषिप्रधान देश भन्नु छलछाम नै हो । सरकारले कृषि अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन नसक्नु प्रधानमन्त्रीहरूको असफलता नै हो ।

यसकारण, सार्वजनिक ऋण २३ खर्बभन्दा बढी पुग्यो । आगामी आ.व.को बजेट १८ खर्ब रूपैयाँको आउने बताइन्छ । आत्मनिर्भर अर्थतन्त्र नभएको देश आत्मनिर्भर हुनेछैन । अहिले नेपालको आयात भारतनिर्भर छ । भारतीय एकाधिकार पुँजीले नेपालको जङ्गल, जल, जलविद्युत् कब्जा गर्दै छ; कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरूण, पश्चिम सेती, मुगु, कर्णाली, तिला-१, तिला-२ कब्जा गरेको छ ।

दुई वर्षअघि लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रम मोदीलाई नेपालका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले तलो अरूण जलविद्युत् 'प्रसाद' दिए । गत जेठ महिना भारत गएका प्रम पुष्पकमल दाहालले भारतलाई फुकोट कर्णाली दिए ।

राजनीतिक नेताहरू स्वअनुशासनमा नबसेको देशको विकास हुनेछैन । चीनका नेताहरूमा स्वअनुशासन छ । सन् २०२४ मा नयाँ वर्षको शुभकामना दिँदै चीनका राष्ट्रपति सि चिन फिङले चीनमा २० वर्षदेखि कृषि उत्पादन बढेको बताउनुभयो । अमेरिकी राष्ट्रपति बाइडेनसँगको भेटवार्तामा सिले चीनका जनता गरिबीबाट मुक्त भएको बताउनुभयो । नेपालका ८० लाख युवाहरू वैदेशिक रोजगारीमा पठाइएको हुँदा खेतीपाती बाँझो छ ।

नेपालका प्रधानमन्त्री, मन्त्री, सांसद र उच्च अधिकारीहरू भारतीय पैसामा भारत भ्रमण जानु नेपालको हितमा हुनेछैन । भारतको प्रत्यायोजनमा भारत भ्रमण जाने प्रधानमन्त्री, मन्त्री, सांसद र उच्च अधिकारीहरूको नेपाली टोलीले खुला सीमामा भारत सरकारको ज्यादती, नेपाली सीमामा भारतीय अतिक्रमण, कालापानीमा भारतीय सेना तैनाथी, नेपाली भूमि लिम्पियाधुरासम्म भारतीय अतिक्रमणको विरोध गर्न सकेन । नेपाली सेना, प्रहरी, कर्मचारीहरूको तालिमसमेत भारतमा गराउन नहुने र भारतीय प्रशिक्षक ल्याएर गराउन नहुने देखिन्छ । केही वर्षअगाडि नेपाल प्रहरीको महानिरीक्षक हुनेलाई भारतीय दूतावासबाट करोडौँ रूपैयाँ बोकाएर प्रधानमन्त्रीलाई दिन लगाएको चर्चा चल्यो । अहिले भारतीय दूतावासको छनोटमा २० करोड रूपैयाँसम्मको योजना छनोट हुने सम्झौता गरियो । यसले नेपालीलाई भारतीय दलाल बनाउने भयो ।

नेपालको अर्को प्राथमिकता शिक्षा हुनुपर्छ । शिक्षामा गरिएको कामबाट जलविद्युत् उत्पादन, खनिज, वन, रोजगारी, स्वास्थ्य, उद्योग, व्यापार र पूर्वाधार विकासमा मद्दत पुग्नेछ । सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नु जरूरी छ । २०७२ सालको भूकम्पपछि जिल्ला जिल्लामा विद्यालय भवनहरू बने । तर, सहरतिर बसाइँसराइ बढेको हुँदा बनेका विद्यालय भवनमा अध्ययन गर्ने विद्यार्थी १०-२० जनामात्र छन् ।

सरकारले १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई परिवारको घरखेत बेच्न लगाएर विदेश अध्ययनमा पठाएको पनि देशको हितमा छैन ।

संसद्मा ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालयको चर्चा छ । भक्तपुर नगरपालिकाबाट स्थापना हुने ख्वप विश्वविद्यालयको विधेयक २०७३ सालमै सांसदहरूलाई वितरण भइसकेको थियो । २०७४ सालको चुनावपछि यो विधेयकलाई निष्क्रियमा पुऱ्याइयो । २०७९ को चुनावपछि यो विधेयक ल्याउन संसद्मा हामीले बारम्बार उठायौँ । अहिले शिक्षा मन्त्रालयले ख्वप विश्वविद्यालयको विधेयकलाई अन्तिम रूप दिएको छ । यो विधेयक उँट बन्ने गरी संसद्बाट पारित हुनु हुँदैन । भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएका ७ वटा शैक्षिक संस्थानबाट देशभरिका ४१ हजार विद्यार्थीले अध्ययनको अवसर पाएका छन् ।

बङ्गलादेशका २८ प्रतिशत युवामात्र विश्वविद्यालयमा भर्ना हुने गरेको बताइन्छ । त्यहाँ १६० विश्वविद्यालय र ११२ मेडिकल कलेज भएको बताइन्छ । इथोपियामा नेपालको दुई गुणा जनसङ्ख्या छ तर ७० वटा विश्वविद्यालय छन् । यो अनुपातमा नेपालमा विश्वविद्यालय पुग्दो छैन ।



प्रेम सुवाल, सचिव नेमकिपा

संसारमा सहरी विश्वविद्यालयहरू सञ्चालनमा छन् । ख्वप विश्वविद्यालय पनि सहरी विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने भक्तपुर नगरपालिकाको तयारी हो । नेपालमा पनि १५ प्रतिशत युवामात्र विश्वविद्यालयमा पुगेका छन् । अर्थात् नेपालमा पनि विश्वविद्यालयको सङ्ख्या पुग्दो छैन ।

नेपाल मजदुर किसान पार्टीले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्न सरकारहरूको ध्यानाकर्षण गराउँदै छ । राणा शासनले शिक्षा रोक्न सकेन । अन्ततः त्रिचन्द्र कलेज, पद्मोदयलगायत शैक्षिक संस्था खोल्न राणा शासकहरू बाध्य भए ।

बहुदल र गणतन्त्र दाबी गरेका अहिलेका सरकारहरूले ख्वप विश्वविद्यालयलाई रोक्न सक्ने छैनन् । हाम्रो विश्वविद्यालयमा सबै किसिमका स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूलाई इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र, कानुन, पत्रकारिता, अन्तर्राष्ट्रिय सम्बन्धलगायत विषयसमेत अध्ययन गराई प्रतिस्पर्धी बनाउनु जरुरी छ ।

दर्शनअनुसार राजनीतिक पार्टीहरूको आर्थिक र वैदेशिक मामिलासम्बन्धी विषय फरक हुनुपर्दछ । नेपालमा नेका, एमाले, माओवादी रास्वपालगायत सरकारमा गएका पार्टीहरूको आर्थिक र वैदेशिक मामिला फरक भएन, उस्तै भयो । २०४८ सालपछि नेकाले सुरू गरेको निजीकरणलाई कम्युनिस्ट दाबी गरेका एमाले र माओवादीले समर्थन गरे ।

सरकारमा गएका कुनै पनि दलले नेपाली भूमि कालापानीमा तैनाथ भारतीय सेना हटाउन सकेनन्; नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खाभर्ती खारेज गराउन सकेनन् । नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि खारेज गराउन सकेनन् ।

अमेरिकी सरकारको फोनको धम्कीमा नेका र माओवादीले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता संसद्को बहुमतबाट पारित गरे भने प्रमुख विपक्षी एमाले मौन बस्यो । युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्धबारे संयुक्त राष्ट्र सङ्घमा मतदान हुँदा अमेरिकी सरकारकै धम्कीमा नेका र माओवादी सरकारले युक्रेनको पक्षमा मत दिए । नेपाल मजदुर किसान पार्टीले एमसीसी सम्झौता र युक्रेनको पक्षमा मत दिने नेपाल सरकारको विरोध गरेको छ ।

नेपाल मजदुर किसान पार्टी २०५६ सालमा ख्वप शैक्षिक संस्था सुरु गर्दै गर्दा नेका, एमाले पुनरुत्थानवादीहरूको सहयोगमा प्रधानमन्त्री बन्ने होडबाजीमा थिए भने माओवादी गृहयुद्धको निहुँमा देशको ठाउँ ठाउँमा बमबारी गर्दै थियो ।

नयाँ पुस्ता ख्वप नामको यो शैक्षिक धरोहर देशको नमुना बनाउन लागिपर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन ९ गते ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पस माविको स्थापना दिवसको अवसरमा राख्नुभएको मन्तव्यको सार-सं.)*

# धर्म र जातको नाममा राजनीति गर्नु पाखण्ड मात्र

**सरोज साह**

नेपालको संविधान २०७२ ले नेपाल धर्म निरपेक्ष देश रहनेछ भन्ने घोषणा भए तापनि मधेसलगायत विभिन्न ठाउँमा धर्मको नाममा हिंसात्मक घटनाहरू समय समयमा हुने गरेको देखिन्छ ।

नेपालको संविधानअनुसार हरेक नेपालीले नेपालको सार्वभौमिकता र भूअखण्डतामा आँच नपुग्ने गरी आ-आफ्नो धर्म र संस्कृतिअनुसार क्रियाकलापहरू गर्न पाइन्छ । एउटा पक्षको धार्मिक गतिविधिबाट अर्काको धर्ममा खलल पुऱ्याउने गतिविधिहरू गर्ने र गराउन लगाउने दुवै पक्ष कानुनीरूपमा अपराधी नै हो । यस्ता गतिविधिहरू गर्न एकले अर्कोलाई उक्साउनु हुँदैन ।

तराईका विभिन्न जिल्लामा हिन्दू र मुस्लिम समुदायका मान्छेहरू बसोबास गर्ने गर्दछन् । एकले अर्कोलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने गर्दछन् । दुवै समुदायका मान्छेहरूबिच आपसी सद्भाव हुनुका साथै एकले अर्काको धार्मिक गतिविधिहरूमा शुभकामना आदानप्रदान गर्नुका साथै प्रसाद ग्रहण गर्ने गर्दछन् । तर, धर्मको नाममा एकले अर्कोलाई ज्यान मार्नेलगायतका विभिन्न हिंसात्मक गतिविधिहरूमा अग्रसर भएको देखिन्छ ।

हाम्रो छिमेकी देश भारतको इतिहास हामी सबैलाई राम्ररी थाहा छ । त्यहाँ धार्मिक द्वन्द्व हुँदा लाखौँ भारतीय नागरिकले अकालमा ज्यान गुमाउनुपऱ्यो । हिन्दू बाहुल्यता भएको ठाउँमा मुसलमानहरू असुरक्षित र मुसलमान बाहुल्यता हुने ठाउँमा हिन्दूहरू असुरक्षित हुन्थे । अन्ततः सिङ्गो भारत धार्मिक द्वन्द्वको कारण दुई भागमा विभाजित भयो । अहिले पनि भारतमा धर्मको नाममा समय समयमा विभिन्न हिंसात्मक गतिविधिहरू हुने गरेको देखिन्छ ।

नेपाल एक सार्वभौमसत्ता सम्पन्न देश हो । नेपालमा पनि केही प्रतिक्रियावादीहरूले धार्मिक नाराहरू अघि सारेर यहाँ पनि अस्थिरता ल्याउन खोज्दै छन् । त्यस्ता प्रतिक्रियावादीहरूलाई समयमै पहिचान गरी कडाभन्दा कडा सजाय दिनुका साथै बहिष्कार गर्नु आवश्यक छ । नत्र धर्मको नाममा अनाहकमा ज्यान गुमाउनुका साथै अनावश्यक क्षति भोग्नुपर्ने हुन्छ । यदि समयमा हामी सचेत भएनौँ भने भारतको इतिहास नेपालमा दोहरिन नसक्ला भन्न सकिँदैन ।

गत असोज महिनाको दसैँमा दुर्गा पूजाको समयमा मूर्ति सेलाउने क्रममा सर्लाही जिल्लाको मलङ्गवामा पनि धार्मिक हिंसा भड्कँदा त्यहाँको शान्ति सुरक्षा कायम राख्न स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गऱ्यो । त्यहाँको अवस्था सामान्य नबन्दै जङ्गलमा लागेको डढेलोजस्तै तराईका मुख्य मुख्य सहरहरूमा धार्मिक हिंसा भड्कने गतिविधिहरू हुन थाल्यो । वीरगञ्ज, नेपालगञ्ज, भैरहवालगायतका विभिन्न ठुलाठुला सहरहरूमा स्थानीय राजनीतिक दलहरूको सक्रियतामा सद्भाव ऱ्याली भयो । अन्ततः ती ठाउँहरूको जनजीवन सामान्य बन्दै गयो ।

फागुन २ गते सम्पन्न श्रीपञ्चमीमा सरस्वतीको मूर्ति सेलाउने क्रममा रौतहटमा इसनाथ नगरपालिकामा हिंसा भड्कँदा स्थानीय प्रशासनले कडा सुरक्षा निगरानी गर्नुका साथै शान्ति सुव्यवस्था कायम राख्न फागुन ३ गतेदेखि कर्फ्यु लगायो । अन्ततः फागुन ७ गेको सर्वदलीय सहमतिपश्चात् सम्यक एवम् शान्ति पूर्ण तरिकाले मूर्ति सेलायो । रौतहटको समस्या समाधान भए पनि वीरगञ्जमा धार्मिक हिंसा नभड्कोस् भने फागुन ७ गतेदेखि अर्को सूचना नहुञ्जेलसम्मका लागि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ ।

तराईमा हुने गरेको धार्मिक हिंसा र सामाजिक सद्भावमा खलल पुग्दा अन्ततः समाधान हुने बाटो भनेको राजनीतिक दलहरूको माध्यमबाट नै समाधान भएको देखिन्छ । राजनीति भनेको इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु हो । तर, यहाँका ठुला तथा शासक दलहरूले राजनीतिलाई कमाइखाने भाँडो बनाउनुका साथै सरकारमा सहभागी हुने र पुस्तौँ पुग्ने गरी पैसा कमाउने साधनको रूपमा उपयोग गरेको देखिन्छ ।

शासक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई समय समयमा प्रशिक्षण दिएका भए उनीहरू धर्म र जातको पछाडि लाग्नुभन्दा देश र जनतालाई प्राथमिकता क्रममा राखेर अगाडि बढ्थे । यहाँका कतिपय विश्लेषक र सचेत जनताले विश्लेषण गर्ने गरेका छन् कि यहाँका शान्ति सुव्यवस्थामा खलल पुग्नु भनेको राजनीतिक अपरिपक्वता हो किनभने अहिलेसम्म भएका जति पनि हिंसात्मक गतिविधिहरू जस्तै धार्मिक हिंसा, जातीय र क्षेत्रीय द्वन्द्व हुँदा राजनीतिक तवरबाटै समाधान भएको देखिन्छ ।

राजनीतिक दलका नेताहरूमाथि जनताले ठुलो आशा र भरोसा राखेका हुन्छन् । प्रहरी प्रशासनबाट समाधान हुन नसक्ने समस्याहरू राजनीतिक पहलबाट समाधान भएको देखिन्छ । त्यसै यहाँका राजनीतिक दलहरूले आफ्नो सत्ता स्वार्थ पूरा गर्नको लागि वर्गीय कुराभन्दा जातीय र क्षेत्रीयजस्तै हिन्दू समुदायमा हिन्दूहरूको पक्षमा र मुस्लिम समुदायमा मुसलमानहरूको पक्षमा पहाडी समुदायका पहाडिहरूको र मधेसी समुदायमा मधेसीहरूको बखान गरी नै रहेको छ भने यहाँ जहिले पनि द्वन्द्व भइ नै रहन्छ । समय गतिशिल भएकोले नयाँ पुस्ताले यस्ता कुराहरूको बारेमा गहन अध्ययन र छलफल गर्नेछ । यसले पाखण्डी राजनीतिक दल र त्यसका नेताहरूलाई तह लगाउनेछ ।

# दोस्रो अध्याय
# कम्युनमा सदस्यहरूको दैनिक बन्दोबस्त

✍ नारायणमान बिजुक्छें

**कम्युनमा सदस्यहरूको दैनिक बन्दोबस्त**

चिनियाँ जनकम्युन आफ्ना सबै सदस्यहरूलाई खाने, लाउने, बस्ने, पढ्ने, स्वास्थ्य सुरक्षा, जाडोबाट बच्ने, विवाह, सुत्केरी र अन्तिम संस्कार आदि जीवनको तल्लो आवश्यकताहरूको नि:शुल्क वितरण गरिदिने राम्रो तथा सङ्गठित व्यवस्था थियो। त्यसको लागि कम्युनको आफ्नै सामूहिक भान्छाघर, अस्पताल, सेनेटोरियम ( स्वास्थ्य निवास), क्लिनिक, स्कूल, पुस्तकालय र प्रसूति गृह हुन्थ्यो। साथै मनोरञ्जनको लागि क्लवहरू, सिनेमा हल र नाटक घरहरू, पार्कहरू आदि कम्युनकै बन्दोबस्तमा थियो। सामूहिक लुगा सिउने पसल र सामूहिक कपाल काट्ने पसल पनि कम्युनकै हुन्थ्यो।

सामूहिक भान्छाघरमा कम्युनका सारा सदस्यहरू गएर खान्थे। भान्छाघर सदस्यहरूलाई पायक पर्ने ठाउँमा जनसङ्ख्याको आधारमा ठाउँठाउँमा बनाइएको हुन्थ्यो। खानामा स्थानीय मानिसहरू अथवा कम्युनका सदस्यहरूको संस्कृति र इच्छाअनुसारको शारीरिक विकासको लागि चाहिने प्रोटिन, भिटामिन आदि पौष्टिक पदार्थहरू समावेश हुन्थ्यो। भान्छाघरको सफाइमा विशेष ध्यान दिइन्थ्यो र खाने बेलामा आ-आफ्ना घरका जहानबच्चाहरूसँगै एकै टेबुलको चारैतिर बसेर खान्थे।

तर, त्यसबेला कम्युन र चीनविरोधीहरू विभिन्न देशका नेताहरूले कम्युनको सामूहिक भान्छाघरलाई ब्यारेकमा जस्तै 'भतेर' ख्वाउने, जातपात नभएको भान्छाघर आदि झूटा लाञ्छनाहरू लगाएर कम्युनको सामूहिक भान्छाघरलाई निन्दा गर्थे र बदनाम गर्न खोज्थे। छुवाछुत र जातीय प्रथालाई संसारका तमाम विवेकशील मानिसहरू असभ्यताको प्रतीक सम्झेर घृणा गर्छन्। चीनको कम्युनमा छुवाछुत प्रथा थिएन।

भारतको एक सहकारी शिष्टमण्डल चीनको कृषि सहयोग समितिहरूको अध्ययन गर्न चीन गएको थियो। कम्युन र सहकारी संस्थाहरूबारे तिनीहरूको राय उद्धृत गर्नु उपयुक्त देखिन्छ -

"कृषि सहयोग समितिहरूको निर्माणमा चिनियाँहरूले साह्रै ठुलो सफलता पाए, जसबारे चीन र बाहिरका सबै मानिसहरू आश्चर्य चकित छन्। भारतबाट आउने हामीहरूलाई चीनको यो सफलता चटकको कुरोजस्तो लाग्छ। हरेक मानिसहरूको मनमा के प्रश्न उठ्छ भने यतिको छोटो समयमा यतिका जम्मै कुराहरू गर्न कसरी सम्भव भयो ? सहयोग आन्दोलनभन्दा पहिलेको सबभन्दा प्रमुख घटना चीनको आधारभूत भूमिसुधार थियो। यी सुधारहरूलाई लागु गर्नमा किसानहरूबाट सक्रिय सहयोग लिइयो। हरेक गाउँमा किसान समिति बनाइयो। यसरी व्यापक किसानहरूलाई सङ्गठित गरियो र तिनीहरू आफ्नो खुट्टामा उभे। तिनीहरू पनि सरकारको एक अङ्ग हुन् र सरकारमा तिनीहरूको पनि हिस्सा छ भन्ने भावना तिनीहरूमा उब्ज्यो। यस सिलसिलामा सरकार र कम्युनिस्ट पार्टी पहिलेदेखि नै जनताको नजिक थियो, किसानहरूतिर अझ नजिक गए र पछि तिनीहरूले चीनको कृषि अर्थ व्यवस्थामा परिवर्तन ल्याउनमा किसानहरूलाई मद्दत गरे।"

गाउँमा एक क्रान्ति भइरहेछ र यसलाई ल्याउने प्रमुख शक्ति डर होइन, बरु जनताको मनको उत्तेजना हो र यसलाई उठाउन एक्लै कुनै पनि प्रशासनको शक्तिको कुरा होइन।

"हामीले मानिसहरूलाई जस्तो उत्साहले काम गरिरहेको देख्यौं, त्यो त्यस्ता मानिसहरूको निमित्त सम्भव छैन जो जबरजस्ती समातेर सहयोग समितिहरूमा ल्याइएको होस्। हामीले तिनीहरूमा देशभक्ति र देश सेवाको ठुलो उत्साह र जोश देख्यौं, तिनीहरूमा आफैं आफ्नो देशको स्वतन्त्रताको लडाइँका दिनहरूको १९३० र १९४० पछिका अवधिको हामीलाई सम्झना भयो। त्यसबेला जनता ठुलो उत्साहले देशको स्वतन्त्रताको लडाइँ लडिरहेका थिए।"

भारतको सहकारी शिष्टमण्डलको रायले यो कुरोलाई स्पष्टसँग स्वीकार गरेको छ कि चीनको जनकम्युनको स्थापना जबरजस्ती, डर र धम्कीको आधारमा भएको होइन, न त यो कुनै आकस्मिक घटना नै हो। यो त स्पष्टरूपमा चिनियाँ समाजको आन्तरिक विकास हो, चिनियाँ सरकार र चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नै समाजको अर्थ व्यवस्थामा परिवर्तन ल्याउने ठीक र उचित कदमको पहिचान गरेको हो।

वास्तवमा जनकम्युनको सामूहिक भान्छाघरले दाल, भात, नुन, तेल, अचार, तरकारी, दाउरा आदिको दैनिक झन्झट र टन्टाबाट चिनियाँ जनतालाई मुक्त गऱ्यो। साथै जनकम्युनको सामूहिक भान्छा घरले गर्दा युगौंयुगदेखि चुलोको धुवाँले ध्वाँसिएका चिनियाँ महिलाहरूको मुखमण्डलमा हाँसोका रेखाहरू देखिए र कम्युनमै शिशुशाला, बालोद्यान, लुगा सिउने समूहको व्यवस्था आदि कुराले गर्दा चिनियाँ महिलाहरूले विनाहिच्किच्याई घरेलु टन्टाबाट मुक्त भई देशको समाजवादी निर्माणमा लोग्नेमानिसहरूसित काँधमा काँध मिलाएर काममा प्रतिस्पर्धा गर्ने मौका पाए। यसरी जनकम्युनको स्थापनाले हजारौं हजार वर्षदेखि घरेलु दासताको सिक्रीले बाँधिएका आइमाईहरूले मुक्ति पाए।


जनकम्युनमा उमेर पुगेका ज्येष्ठ नागरिकहरू, टुहुरा, टुहुरी (असहाय), विधवा, काम गर्न नसक्ने, लुला, लङ्गडाजस्ता पाँच ग्यारेन्टीलाई खाने, लाउने, बस्ने आदि कुराको राम्रो व्यवस्था छ। आफ्ना कोही नभएका पुरुष र महिला ज्येष्ठ नागरिकहरूको लागि 'सुखी आदर निकेतन' हुन्छ, जहाँ तिनीहरूलाई खाने, लाउने, स्याहारसुसार आदि जम्मै आवश्यक कुराहरूको लागि बन्दोबस्त मिलाइएको 'आदर निकेतन' हो।

बालबालिकाहरू आफ्ना आमाहरूको कामको समयमा शिशुशाला (नर्सरी) र बालोद्यान ( किनरगार्डेन) मा बसेर तालिम पाएका 'दिदी' (सुसारेहरू) बाट शिक्षा प्राप्त गर्छन्। शिशुशालामा बस्ने दूधे बालकहरूको लागि आमाले गर्ने जम्मै प्रकारका स्याहारसुसार पाउँछन्। बालोद्यानमा सानासाना नानीहरू दिदीहरूसँग गीत सिक्छन् र नाच सिक्छन्। आमाहरूको काम सकेपछि बालबालिकाहरू आमाहरूसँगै अथवा दिदीहरूको साथमा आ-आफ्ना आमाबाबुको घर अथवा डेरामा जान्छन् वा पुऱ्याइन्छन्।

तर, साम्राज्यवादी र प्रतिक्रियावादीहरू चीनमा 'बुढाबुढीको सुरक्षा छैन, बालबालिकाहरू आफ्ना हुँदैनन्, सरकारको हुन्छ, बुढाबुढी र काम गर्न नसक्नेहरूलाई गोली ठोकेर मार्छन्' जस्ता झूटा कुराहरू प्रचार गर्छन्। अमेरिकी प्रसारणले 'जनकम्युनमा किसानहरूलाई जबरजस्ती दिनको १८ घण्टा काम गर्न लगाउँछन्। जनताको स्वास्थ्यमा ध्यान दिइन्न,' 'चीनमा खान नपाई जनता भोकभोकै मर्दै छन्, कम्युन फेल (असफल) भयो' भन्ने कुराहरू प्रचार गर्दै थियो। पश्चिमी प्रचारहरू जनतामा भ्रम पार्ने खालका हुन्छन्। त्यसैले राहुल सांकृत्यायनले आफ्नो 'चीनको जनकम्युन' मा लेख्नुहुन्छ, "पुँजीवादी लेखकहरू झूटा कुरा लेख्न सिद्धहस्त हुन्छन्।"

यथार्थमा चीनको स्थिति पश्चिमी प्रचारको ठीक उल्टो छ। चिनियाँ जनकम्युनमा खेती र उद्योगमा यान्त्रिकीकरण र विद्युतीकरण गरेर उत्पादनमात्रै बढाउन जनतालाई प्रोत्साहित गर्दैन बरु सदस्यहरूको स्वास्थ्यमा पनि त्यतिकै राम्रो ध्यान दिइएको थियो। देशलाई समाजवादी समाजबाट साम्यवादी समाजमा रूपान्तरण गर्न, देशको औद्योगिक विकासमा तीव्रता ल्याउन र कृषिमा यान्त्रिकीकरण र विद्युतीकरण गरी देशलाई नयाँ प्रगतिशील उद्योग, खेती, विज्ञान र प्राविधिक ज्ञानले युक्त सुसंस्कृत समाजवादी देश बनाउँदै थिए। कामदार जनताको स्वास्थ्यको रक्षाको निम्ति जनकम्युनमा अस्पताल, क्लिनिक र स्वास्थ्य निवासहरूको राम्रो व्यवस्था गरेको हुन्थ्यो र महिलाहरूको लागि प्रसूतिगृहको पनि राम्रो व्यवस्था मिलाइएको थियो। गर्भवती महिलालाई सुत्केरी हुने केही महिना अगाडिदेखि नै गाऱ्हो काम गर्न निषेध गरिन्छ र सुत्केरी हुन एक महिना १५ दिनदेखि सुत्केरी भएको १ महिना ४५ दिनसम्म बिदा र भत्ताको व्यवस्था छ। अस्पताल, क्लिनिक र स्वास्थ्य निवासमा कुनै शुल्क लिइँदैन र औषधि नि:शुल्क वितरण गरिन्छ। साथै गाऱ्हो र स्वास्थ्यलाई हानि पुऱ्याउने श्रम हेरेर ज्याला बढाउने र कामको घण्टा कम गर्दै लैजाने व्यवस्था पनि मिलाइएको हुन्छ। त्यसले गर्दा कम्युनको स्थापना भएदेखि पहिलेको दाँजोमा मृत्यु सङ्ख्या ज्यादै घट्यो र कम्युनका सदस्यहरूको आय बढ्दै गयो।

कम्युनको स्थापनापछि गाउँगाउँका बेरोजगारहरूले काम पाए र बढी उत्पादनले गर्दा जीवनस्तर झन्झन् उकासिँदै गयो। तर, पुँजीवादी देशका लेखक, पत्रकार र नेताहरू कहिले पनि आफ्ना देशका गल्लीगल्ली र प्लेटफार्ममा भोकभोकै मरिरहेका, मागिरहेका, पेटीपेटीमा रोगले छटपटिरहेका जनताको उद्धारको लागि आँखासम्म पनि पुऱ्याउँदैनन्। ती महापुरुषहरूले नै किन चिनियाँ जनताको भोक र रोगको विषयमा गोहीको आँसु चुहाउँछन् ? कुरो यसैमा छ।




शिक्षाबारे जनकम्युन बढी चासो लिन्छ। चीनको गाउँ क्षेत्रमा किसानहरूमा निरक्षरता हटाउन गाउँगाउँमा अनिवार्य प्राथमिक (प्राइमरी), सेकेन्डरी (माध्यमिक) स्कूलहरू र रात्रि स्कूलहरू खोलेर कामदार जनतालाई प्राविधिक र प्राथमिक विज्ञानको ज्ञान दिलाएर तिनीहरूको सांस्कृतिक स्तर उँचो उठाउँदै थिए। यस प्रकारको शिक्षाको व्यवस्था गरेर जनकम्युनले कामदारहरूको सांस्कृतिक स्तर उँचो उठाई जनतालाई 'रातो र कुशल' (Red and Expert) बनाउँदै शारीरिक र बौद्धिक श्रमको अन्तरलाई मेटाउँदै थिए। साथै चीनका बालबालिकाहरूलाई श्रमदेखि घृणा गर्ने पुँजीवादी बुद्धिजीवी रोगबाट बचाउन शारीरिक र बौद्धिक विकासको लागि कम्युनहरूमा ९ वर्षदेखि नै विद्यार्थीहरूलाई पनि श्रमलाई प्रेम गर्ने कुरो सिकाउँछन् र व्यवहारिक तालिम दिन्छन्।

मजदुर र किसान, सहर र गाउँको बिचको भेदलाई हटाउन जनकम्युनमा उद्योग, यातायात र सञ्चार, बजार (स्टोर) र गृह निर्माण आदि कार्यहरूमा तीव्रता ल्याउँदै थिए। साथै जनकम्युनका सम्पूर्ण सदस्यहरूको मनोरञ्जनको लागि हरेक कम्युनहरूमा सांस्कृतिक सङ्गठनहरूको राम्रो व्यवस्था गरेको हुन्थ्यो र गाउँगाउँमा सिनेमा हल, नाटक, नाचगानजस्ता सांस्कृतिक क्रियाकलापको लागि छुट्टै टोली र सङ्गठनहरूको व्यवस्था गरेको हुन्थ्यो। खेल्ने क्लव, पार्कहरू, पौडी खेल्ने पोखरी, नुहाउने ठाउँ (स्नानगृह) आदि आवश्यक र मनोरञ्जनका साधनहरूको लागि पूरा व्यवस्था गरिएको हुन्थ्यो। यसरी जनकम्युनमा खेती, उद्योग, स्वास्थ्य, व्यापार र अर्ध सैनिक ( मिलेसिया) जस्ता शिक्षा र सांस्कृतिक अनि जनकम्युनका प्रशासनिक विभागहरू पनि कार्यरत थिए।

**प्रशासन र लोककल्याण**

जनकम्युन एक सामाजिक संस्था भएर पनि राज्य शासनको एक अङ्ग पनि थियो। त्यसमा केन्द्रीयता र प्रजातन्त्र दुवै सम्मिलित भएको थियो। कम्युनको काम सुरु गर्न जनताको पिरमर्का बुझ्न, जनताको वास्तविक समस्याहरू र सुख-सुविधाको राम्रो जानकारी हासिल गर्न जनताको इच्छालाई बुझ्न कम्युनले उँचो प्रजातन्त्रको सिद्धान्तलाई व्यवहारमा ल्याएको थियो। कम्युन राज्य शासनको एक अङ्ग पनि भएकोले केन्द्रीयतालाई त्यतिकै ध्यानमा राखिएको थियो। त्यसैले, कम्युन एउटा यस्तो सङ्गठन हो जहाँ केन्द्रीयता र प्रजातन्त्र, अनुशासन र स्वतन्त्रता, इच्छाको एकता र व्यक्तिगत सुविधा सँगसँगै गाँसिएको थियो।

कम्युनको सबभन्दा ठुलो प्रबन्धक सङ्गठन कम्युनको प्रतिनिधि सभा हो। त्यो सभा कम्युनको मुख्यमुख्य विषयहरूमा छलफल गरेर निर्णयमा पुग्छ। सभा बालिग मताधिकारको आधारमा चुनिएका प्रतिनिधिहरूबाट गठन हुन्छ। त्यसमा आइमाई, विद्यार्थी, व्यापारी, शिक्षा र संस्कृतिकर्मी, स्वास्थ्यकर्मी, विज्ञान र प्राविधिक कामदार, अल्पसङ्ख्यक जाति आदि जीवनका हरेक क्षेत्रका प्रतिनिधिहरू रहन्छन्। कम्युनको सभाले कम्युनको प्रबन्धको लागि एक प्रबन्धक समितिलाई चुन्दछ। समितिमा प्रधानसञ्चालक, उपसञ्चालकहरू र सदस्यहरू हुन्छन्। त्यसमा खेती, उद्योग, शिक्षा र सांस्कृतिक, आर्थिक, यातायात र सञ्चार, स्वास्थ्य र न्याय, जनकल्याण र रक्षा आदि विभागहरूमा र त्यसका अधिकारीहरू हुन्छन्। प्रबन्ध समितिमातहत प्रबन्धक डिस्ट्रीक्ट अथवा उत्पादक ब्रिगेड पनि हुन्छन्, जसले प्रबन्धक समितिले दिइएको क्षेत्रभित्रको खेती, उद्योग, व्यापार, शिक्षा, सांस्कृतिक, न्याय र शान्ति-सुरक्षा आदि प्रबन्ध गर्छ। अनि उत्पादनको काम सुचारु राख्न हरेक बिग्रेडहरूमा उत्पादक दलहरू हुन्छन्। त्यो कम्युनको सबभन्दा तल्लो सङ्गठन हुन्छ।

यीबाहेक हरेक कम्युनमा एक निरीक्षक समिति पनि रहन्छ, जो राज्य निरीक्षक अङ्गहरूको नेतृत्वमा सञ्चालन हुन्छ। त्यसमा अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू हुन्छन्, तर कुनै कुनै कम्युनमा निरीक्षक समिति नहुन पनि सक्छ। यसरी कम्युन शासनको विकेन्द्रित रूप पनि हो।

हरेक कम्युनको आ-आफ्नो जनसेना रहन्छ। त्यसले आफ्नो कम्युनको शान्ति-सुरक्षाको बन्दोबस्त गर्छ। जनसेनाले उचित र नयाँ ढङ्गले तालिम पाएको हुन्छ र जनसेनाका जवानहरूले उत्पादन बढाउने काममा पनि अरु कामदारहरूले जस्तै भाग लिन्छन्। जनसेनामा वर्ष पुगेका युवायुवतीहरूले स्वेच्छापूर्वक भाग लिन्छन्। जनसेना कम्युनकै मातहतमा रहन्छ र देशमा कुनै प्रकारको बाहिरी आक्रमण भयो भने सारा जनसेना राष्ट्रिय सेना (मुक्ति सेना) मा सम्मिलित भएर आफ्नो देश बचाउने काममा लाग्छन्। यसरी कम्युनको जनसेना (मिलेसिया) कम्युनको सेना हुनुका साथै सारा चीनको सेना पनि हो।

विरोधीहरू कम्युनको काम गर्ने शैलीलाई पनि आलोचना गर्छन्। तिनीहरूको आलोचनालाई आलोचना नभनेर झूटा प्रचार भन्न उचित हुन्छ। किनभने, तिनीहरू कम्युनमा कम्युनका सदस्यहरू फौजी अनुशासनमा रहनुपर्छ र व्यक्तिगत स्वतन्त्रता छैन भनेर सरासर झूटा प्रचार गर्छन्। तर, चिनियाँ जनकम्युनका सदस्यहरू आफ्नो गाउँमा, देशमा, समाजवादको निर्माण र आफ्नो जीवन स्तर उँचो उठाउनमा सैनिकहरूजस्तै सङ्गठित भएर, लडाइँको मैदानमा जस्तै तत्परता र होशियारीसाथ काम गर्छन् र सामूहिक जीवन व्यतीत गर्छन्। यो कुरा चिनियाँ जनताको लागि सामान्य विषय थियो। त्यसैले चिनियाँ जनतामा सैनिकहरूजस्तै सङ्गठित होऊ, लडाइँको मैदानमा जस्तै तत्परता र होशियारसँग काम गर र सामूहिक तरिकाले जीवन बिताऊको नारा पुगेको थियो। त्यही कुरोलाई लिएर नै विरोधीहरूले कम्युनमा सैनिक अनुशासनमा बसेर जीवन बिताउन बाध्य गराउँछ भनेर प्रचार गरेका थिए।

चीनमा समाजवादको निर्माणको लागि उत्पादनको पुरानो ढाँचालाई बदलेर नयाँ ठुलो आकारको लागि चाहिने दलहरूमा विभाजित गरी समाजवादी केन्द्रीयताको आधारमा काम गर्नु आवश्यक थियो। यसको ठीक उल्टो कम्युनमा सैनिक अनुशासनको आरोप लगाउने साम्राज्यवादी र पुँजीवादी देशहरूमा पुँजीपतिहरू नाफाको लागि कोर्राको भरमा बढी घण्टा काम गर्नुपर्छ भन्ने कुरा कसलाई थाहा छैन ? स्वेच्छापूर्वक आफ्नो र आफ्नो देशको लागि काम गर्ने कम्युनमा सैनिक अनुशासन छ अथवा पुँजीपतिहरूको नाफाको लागि कोर्राको भरमा बढी घण्टा काम गर्नुपर्ने पुँजीवादी देशका कारखानाहरूमा सैनिक अनुशासन लागु गरिएको सबैले बुझ्ने कुरा हो। व्यक्तिगत स्वतन्त्रताको नाउँमा कम्युनमा शोषण गर्न पाइन्न तर पुँजीवादी देशहरूमा पाइन्छ।

दुई चीनको षड्यन्त्र रची चीनको अभिन्न अङ्ग थाइवान (फार्मोसा) कब्जा गरी चीनमा हमला गर्ने दाउमा बसेको अमेरिकी साम्राज्यवादलाई डर 'लडाइँमा जस्तो तत्परता र होशियारसाथ काम गर्ने' कामदारहरूले चीनमा बाहिरबाट हमला हुँदा सबै सैनिकहरू भएर आफ्नो देश बचाउनेछन् भन्ने चिन्ता हो। यसरी कम्युनमा चिनियाँ जनता आफ्नो देशमा समाजवादको निर्माणको लागि स्वेच्छापूर्वक सैनिकहरूजस्तै सङ्गठित होऊ, लडाइँको मैदानमा जस्तै काम गर, सामूहिक जीवन व्यतीत गरको नारालाई समाजवादी तरिकाले कार्यरूपमा ल्याइएको हुन्थ्यो, जहाँ कसैको आज्ञा र जबरजस्ती कसैमाथि थोपिँदैन जस्तो पुँजीवादी देशहरूको उत्पादनका केन्द्रहरूमा लागु हुन्छ।

शिक्षाबारे जनकम्युन बढी चासो लिन्छ। चीनको गाउँ क्षेत्रमा किसानहरूमा निरक्षरता हटाउन गाउँगाउँमा अनिवार्य प्राथमिक (प्राइमरी), सेकेन्डरी (माध्यमिक) स्कूलहरू र रात्रि स्कूलहरू खोलेर कामदार जनतालाई प्राविधिक र प्राथमिक विज्ञानको ज्ञान दिलाएर तिनीहरूको सांस्कृतिक स्तर उँचो उठाउँदै थिए। यस प्रकारको शिक्षाको व्यवस्था गरेर जनकम्युनले कामदारहरूको सांस्कृतिक स्तर उँचो उठाई जनतालाई 'रातो र कुशल' (Red and Expert) बनाउँदै शारीरिक र बौद्धिक श्रमको अन्तरलाई मेटाउँदै थिए। साथै चीनका बालबालिकाहरूलाई श्रमदेखि घृणा गर्ने पुँजीवादी बुद्धिजीवी रोगबाट बचाउन शारीरिक र बौद्धिक विकासको लागि कम्युनहरूमा ९ वर्षदेखि नै विद्यार्थीहरूलाई पनि श्रमलाई प्रेम गर्ने कुरो सिकाउँछन् र व्यवहारिक तालिम दिन्छन्।




दक्षिण कोरियाको राजधानी सोलस्थित राष्ट्रपति भवनअगाडि सरकारको स्वास्थ्य नीतिविरुद्ध प्रदर्शन गर्दै चिकित्सकहरू फेब्रुअरी २२, २०२४ का दिन । दक्षिण कोरियाली सरकारले हडताल र प्रदर्शनमा उत्रेका डाक्टरहरूमाथि कानुनी कारबाही गर्ने चेतावनी जारी गरे पनि हडतालमा उत्रेका डाक्टर र स्वास्थ्यकर्मीहरू नियमित काममा फर्केका छैनन् ।

*तस्बिर : एपी/आन्ह् योङ जून*

# भारतमा किसानमाथिको प्रहरी कारबाहीमा दुई किसानको मृत्यु

नयाँदिल्ली, १० फागुन (सिन्ह्वा) । भारतको उत्तरी राज्य हरियाणामा बुधबार आन्दोलित किसानहरूमाथि प्रहरीले रबरको गोली र अश्रु ग्यास प्रहार गर्दा एक युवासहित दुई किसानको मृत्यु भएको र अन्य केही घाइते भएको अधिकारीहरूले बताएका छन् । किसानको मृत्यु राष्ट्रिय राजधानी नयाँ दिल्लीबाट करिब एक सय २१ किलोमिटर टाढा पञ्जाब र हरियाणाको बिच सीमाविन्दु खनौरीमा भएको हो । प्रहरीका अनुसार २० वर्षीय शुभकरण सिंह प्रहरी कारवाहीमा मारिएका हुन् । यद्यपि हरियाणा प्रहरीले उक्त आरोपलाई अस्वीकार गरेको छ ।

"खनौरीबाट तीन जना बिरामी हामीसँग आएका छन्, तिनीहरूमा एक जनाको यहाँ आइपुग्दा मृत्यु भएको छ, गोली लागेको जस्तो देखिएका अन्य दुईको अवस्था गम्भीर छ तर यसको पुष्टि गर्न सकिँदैन", पटियालाका राजेन्द्र अस्पतालका वरिष्ठ चिकित्सा अधिकारी रेखीलाई उद्धृत गर्दै भनिएको छ, "यहाँ आइपुग्दा मरिसकेका व्यक्तिको टाउकोमा गोली लागेको थियो तर गोलीको आकारजस्तो अधिक जानकारीको पुष्टि शव परीक्षणपछि मात्र थाहा हुनसक्छ ।"

पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले पनि मृत्युको पुष्टि गर्नुभयो । प्रहरीले किसानको आन्दोलन रोक्नका लागि अम्बाला जिल्ला नजिकै अर्को सीमा बिन्दु शम्भूमा अश्रु ग्याससहित रबरको गोली चलाएको छ ।



किसानले उत्पादन गरेको कृषि उपजको ज्यूनत्तम समर्थन मूल्य (एमएसपी) लागु गर्नुपर्नेलगायत माग राखेर दिल्ली चलो आन्दोलनमा सहभागी हुन पटियाला जिल्लाको पञ्जाब-हरयाणा सीमासम्म आइपुगेका र हरयाणा प्रहरीद्वारा रोकिएका किसानहरू फेब्रुअरी २२, २०२४ का दिन । *तस्बिर : एएफपी*

जारी विरोध प्रदर्शन अन्त्य गर्ने प्रस्तावका रूपमा आगामी पाँच वर्षका लागि न्यूनतम सुरक्षा मूल्यमा किसानबाट दाल, मकै र कपासको बाली खरिद गर्ने सरकारको प्रस्तावलाई अस्वीकार गरेपछि किसानहरूले बुधबार नयाँदिल्लीमा पुन: आन्दोलन सुरु गरेका छन् ।

भारतको सङ्घीय सरकारले बुधबार किसानहरूलाई शान्ति कायम राख्न आग्रह गर्दै समाधानका लागि पाँचौं चरणको वार्ता गर्न तयार रहेको जनाएको छ ।

भारतमा यसै वर्ष आसन्न आम निर्वाचन र प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको अवसर खोजिरहेका बेला किसानहरूको विरोध प्रदर्शन चलिरहेको छ ।

# कारागारमा रहेका क्रेमलिनका आलोचकद्वारा नाभाल्नीको मृत्युपछि 'निराशा' विरुद्ध चेतावनी

मस्को, १० फागुन (एएफपी) । कारागारमा रहेका विपक्षी राजनीतिज्ञ भ्लादिमिर कारा-मुर्जाले बिहीबार रुसीहरूसँग आर्कटिक कारागारमा एलेक्सी नाभाल्नीको मृत्यु भए पनि लोकतन्त्रका लागि लडिरहन आग्रह गर्नुभएको छ ।

गत साता नाभाल्नीको मृत्युले रुसको विपक्षमा निराशा उत्पन्न गराएको छ । यिनीहरूमा अधिकांश निर्वासन र कारागारमा छन् वा मरिसकेका छन् ।

"तर्कसङ्गत वा भावनात्मकरूपमा के भएको हो भन्नेबारे मैले अझै पनि बुझ्न सकेको छैन तर हामी उदासी र हताससामु झुक्यौं भने उनीहरू त्यही चाहन्छन् । हामीलाई यस्तो गर्ने कुनै अधिकार छैन, हामी हाम्रा लडेका साथीहरूप्रति आभारी छौं", कारा-मुर्जाले भन्नुभयो ।

रुस र बेलायतको दोहोरो नागरिकता भएका कारा-मुर्जालाई गत वर्ष २५ वर्षको कारागार सजाय सुनाइएको थियो । यो राष्ट्रपति भ्लादिमिर पुटिनको कारागारमा रहेका सबै आलोचकहरूको तुलनामा सबैभन्दा लामो ज्ञात सजाय हो ।

कारा-मुर्जा अर्का विपक्षी राजनीतिज्ञ बोरिस नेमत्सोभका पनि निकट हुनुहुन्थ्यो । उहाँको सन् २०१५ मा क्रेमलिननजिकै हत्या गरिएको थियो । साथै गत साता नाभाल्नीको मृत्युले रुसमा कैदमा रहेका क्रेमलिनका आलोचकहरूका लागि भय उत्पन्न गराएको छ ।

कारागारमा कारा-मुर्जाको स्वास्थ्य बिग्रिएको छ । उहाँका वकिलहरूका अनुसार दुई पटक विष दिइएकाले उहाँ गम्भीर स्वास्थ्य समस्याले पीडित हुनुहुन्छ । यद्यपि साइबेरियाको कारागारबाट कारा-मुर्जाले 'रुसलाई सामान्य, स्वतन्त्र युरोपेली लोकतान्त्रिक मुलुक बनाउने' आशा व्यक्त गर्नुभयो । "एलेक्सीले भन्नुभएको छ : हार नमान्नुहोस्, हार मान्नु असम्भव छ", उहाँले भन्नुभयो ।

# दक्षिण चीनमा पुलमा जहाज ठोकिँदा दुईको मृत्यु

गुआङझोउ, १० फागुन (सिन्ह्वा) । दक्षिण चीनको गुआङडोङ प्रान्तको गुआङझोउमा बिहीबार बिहान एक जहाज पुलसँग ठोक्किएर पुल भत्किँदा दुई जनाको मृत्यु र अन्य तीन जना बेपत्ता भएको उद्धारकर्मीहरूले बताएका छन् ।

स्थानीय समयानुसार बिहान करिब साढे पाँच बजे एउटा कन्टेनर जहान नान्सा जिल्लाको लिक्सिनसा पुलको घाटसँग ठोक्किएको थियो । दुर्घटनामा एउटा मोटरसाइकिलसहित पाँच सवारी प्रभावित भएका थिए । तीमध्ये दुई नदीमा र अर्को जहाजमा खसेको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ ।

दुर्घटनामा चालक दलका एक सदस्य सामान्य घाइते भएका छन् । उद्धार प्रयास जारी छ र दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ ।

## विश्व सङ्क्षेप

# बौद्धिक सम्पत्ति अदालतले पाँच वर्षमा १५ हजार ७ सय १० मुद्दाको टुङ्गो

पेइचिङ, २२ फेब्रुअरी (सीआरआई) । चीनको राज्य परिषद्को प्रेस कार्यालयले २२ फेब्रुअरीका दिन आयोजना गरेको पत्रकार सम्मेलनमा सर्वोच्च जनअदालतका सम्बन्धित जिम्मेवार व्यक्तिले राष्ट्रिय स्तरमा बौद्धिक सम्पदा मुद्दामा पुनरावेदन सुनुवाइ संयन्त्र सञ्चालन गर्ने अवस्थाबारे जानकारी दिनुभएको छ ।

यो वर्ष सर्वोच्च जनअदालतको बौद्धिक सम्पत्ति न्यायाधीकरणको स्थापना भएको पाँचौं वार्षिकोत्सव हो । सन् २०१९ जनवरी १ मा स्थापना भएदेखि सन् २०२३ डिसेम्बर ३१ सम्म सो अदालतले कुल १८,९२४ मुद्दाहरू स्वीकार गरेको छ र १५, ७१० मुद्दाहरूको टुङ्गो लगाएको छ । परीक्षण गुणस्तर तथा दक्षता सुधार पहिलेको तुलनामा उल्लेखनीयरूपमा राम्रो भएको छ ।

राष्ट्रिय आविष्कार सञ्चालन विकास रणनीति र बौद्धिक सम्पत्ति रणनीतिको कार्यान्वयनका लागि न्यायिक ग्यारेन्टीलाई थप सुदृढ गरिएको छ । अदालतले स्वीकार गरेका मुद्दाका प्रकारहरू चीनको प्राविधिक आविष्कार, बजार प्रतिस्पर्धा र बाहिरी संसारमा खुलापनसँग मिलाइएको छ । रणनीतिक उदीयमान उद्योगहरू समावेश भएका मुद्दाहरू ३० प्रतिशतभन्दा बढी छन्, प्रभावकारीरूपमा प्राविधिक आविष्कार, औद्योगिक स्तरवृद्धि र बजार प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने र सक्रियरूपमा देश र उद्यमहरूको मुख्य प्रतिस्पर्धा बढाउन मद्दत गरेको छ ।

# जी-२० विदेशमन्त्रीस्तरीय बैठक सुरु

पेइचिङ, २२ फेब्रुअरी (सीआरआई) । फेब्रुअरी २१ मा जी-२० विदेशमन्त्रीस्तरीय बैठक ब्राजिलको रियो दि जेनेरियोमा सुरु भएको छ । यस दुईदिने बैठकमा वर्तमान चर्चित द्वन्द्वबाट निम्त्याइएको अन्तर्राष्ट्रिय सङ्कट र विश्वव्यापी व्यवस्थापन सुधार नै विभिन्न सहभागी पक्षको मुख्य विषय रहेको छ ।

चिनियाँ उपपरराष्ट्र मन्त्री मा चाउ स्यु, रुसी विदेशमन्त्री लाभरोभ र अन्य बीस समूहका सदस्य मुलुकका कूटनीतिक मामिलाका पदाधिकारीहरूले उक्त बैठकमा भाग लिएका छन् । बैठकले यस वर्षको सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घीय महाधिवेशनको अवधिमा न्युयोर्कमा आयोजित यस वर्षको दोस्रो बीस समूह विदेशमन्त्रीस्तरीय बैठकको निर्णय पारित गरेको छ । यसका साथै यस बैठकले गरिबी न्यूनीकरण, जलवायु परिवर्तनको सामना र वातावरणको संरक्षण आदि विषयहरूबारे छलफल गर्नेछ ।

# चीन र भारत दुवै सेनाबिच २१ औं चरणको सैनिक अफिसरस्तरीय वार्ता

पेइचिङ, २२ फेब्रुअरी (सीआरआई) । चीन र भारत दुवै सेनाबिच फेब्रुअरी १९ मा मोल्डो/चुशुल भेटस्थलसम्बन्धी चिनियाँपट्टि २१ औं चरणको सैनिक अफिसरस्तरीय वार्ताको आयोजना गरिएको छ ।

वार्ताको क्रममा दुवै पक्षले साझा चासोका सीमावर्ती समस्याबारे सकारात्मक, गहन र रचनात्मकरूपमा आदानप्रदान गरेका छन् । दुवै पक्षले दुई देशका नेताबिचको महत्त्वपूर्ण मतैक्यबमोजिम निरन्तररूपमा सैनिक र कूटनीतिक तरिकामार्फत पारस्परिक सम्पर्क र आदानप्रदानलाई कायम राख्नुका साथै छिटोभन्दा छिटो दुवै पक्षले स्वीकार गर्नसक्ने समाधान उपाय सम्पन्न गर्न सहमति जनाएका छन् । यसका अतिरिक्त चीन र भारतबिच सीमा क्षेत्रको शान्ति र स्थिरताको संरक्षण गर्न दुवै पक्षले सहमति जनाएका छन् ।

# पूर्वी अफगानिस्तानमा दुई जनालाई सार्वजनिकरूपमा मृत्युदण्ड

गजनी (अफगानिस्तान), २२ फेब्रुअरी (एएफपी) । पूर्वी अफगानिस्तानको एउटा फूटबल रङ्गशालामा बिहीबार दुई व्यक्तिलाई सार्वजनिकरूपमा मृत्युदण्ड दिइएको थियो । तालिबान सत्तामा फर्केपछिको यो तेस्रो र चौथो मृत्युदण्डको सजाय हो ।

गजनी प्रान्तका सूचना तथा संस्कृति विभागले एक सार्वजनिक सूचनामा 'आँखाको बदला आँखा' सरहको किसास सजायको मृत्युदण्ड भएको बताएको छ । यद्यपि, प्रारम्भमा कैदी वा उनीहरूको अपराधका बारेमा विवरण दिइएको थिएन ।

सन् १९९६ देखि सन् २००१ सम्म तालिबानको पहिलो शासनको समयमा सार्वजनिक मृत्युदण्ड सामान्य थियो । सन् २०२१ अगस्टमा सत्तामा फिर्ता भएपछि तालिबानले अन्य दुई जनालाई मात्र मृत्युदण्ड दिएको छ । दुवै मृत्युदण्ड हत्याको अपराधका लागि थिए ।

चोरी, व्यभिचार र मदिरा सेवनसहित अन्य अपराधहरूका लागि नियमितरूपमा सार्वजनिकरूपमा कोर्रा हान्ने सजाय दिइने गरिएको छ । तालिबानका सर्वोच्च नेता हिबतुल्लाह अखुन्दजादाले गत वर्ष न्यायाधीशहरूलाई शरियाका सबै पक्षहरू पूर्णरूपमा कार्यान्वयन गर्न आदेश दिनुभएको थियो । यसमा किसासको सजाय पनि सामेल छ ।

अन्तिम पटक सन् २०२३ जूनमा मृत्युदण्ड दिइएको थियो । एक दोषी हत्यारालाई करिब दुई हजार मानिसको अगाडि लघमान प्रान्तको मस्जिदको मैदानमा गोली हानी मारिएको थियो ।

# जिब्रोको स्वाद र मोटोपनको समस्या

✍ डा. अरुणा उप्रेती



दुई वर्षअघि एक पत्रकार साथीलाई भेट्दा मैले भनेको थिएँ, "तपाईं निकै मोटाउनुभएको छ, भुँडी पनि निकै बढेको छ, यसले त स्वास्थ्यलाई खतरा हुन्छ है ।" उनले त्यो बेला भनेका थिए, "तौल घटाउन कोशिश गर्दै छु ।" केही दिनअघि उनीसँग पुनः जम्काभेट भयो । उनको अगाडि आएको ठुलो भुँडी त स्याप्पै घटेछ, उनको उमेर नै पाँच/सात वर्ष कम भएजस्तो देखिन्थ्यो र भनें, "तपाईंले त के चमत्कार गर्नुभयो यस्तो । निकै राम्रो स्वास्थ्य भएछ नि ! कतै गएर पेटको शल्यक्रिया गरेर आउनुभएको त होइन ?"

ठट्टा गरेर भनेको यो प्रश्नलाई, उनले गम्भीर भएर जवाफ दिए, "होइन होइन, मैले मेरो भुँडी वरिपरिको १५ केजी त योग, हिँडाइ र खानामा कमी गरेर घटाएको हुँ । दुब्लोबाट मोटो हुन त सजिलो हुँदोरहेछ तर एकचोटि बोसो लागेपछि त घट्न पो गाह्रो हुने रहेछ । जब मैले अनुभव गरें कि मेरा लुगाहरू त कसिएर लगाउनै नहुने भए, अलिकता हिँड्दा स्वाँस्वाँ हुन थाल्यो । अनि त तौल घटाउने निर्णय गरेर कसिएर लागेपछि सफल पनि भएँ ।"

त्यसैगरी, नक्सालकी पारु श्रेष्ठ (३३ वर्षीया) ले पनि आफ्नो तौल ७५ केजीबाट ६० केजी (१० महिनाभित्र) झारेकी थिइन् । उनी विवाहअघि ५६ केजी थिइन् । अग्ली, पातली पारु सुन्दर देखिन्थिन् तर विवाहपछि उनको खाने क्रम बढ्न थाल्यो । एक बच्चा पाएपछि त झन् चाकु, घिउ, मासु, अण्डा आदिले गर्दा उनको जिउ त फैलिँदै गयो । उनका बुबा ३० वर्ष नपुदै मधुमेहले बित्नुभएको थियो । आमा र बहिनी दुवै मधुमेहको औषधि खाने गरेका छन् ।

पारुलाई भनें, "पारुजी तपाईं त होशियार हुनुपर्छ है । तपाईंको परिवारमा निकै समस्या छ । तपाईं यसरी नै मोटाउनुभयो भने तपाईंलाई पनि ती समस्या आउन सक्छ । तपाईंको सानो छोरो छ । अन्तर्राष्ट्रिय संस्थामा काम गरिरहनुभएको छ । अगाडि त्यति ठुलो भविष्य छ, स्वास्थ्य नै नराम्रो भएपछि त जति काम गर्न सक्ने हो त्यति गर्न सकिन्न । त्योबाहेक जति पैसा भए पनि तपाईंले त्यसको प्रयोग आनन्दपूर्वक गर्न पाउनु हुन्न ।"

"के गर्नु मलाई त कस्तो भोक लाग्छ, फेरि चकलेट देखेपछि त मन नै थाम्न सकिन्न । मेरो अफिसको दराजमा पनि थरीथरीका चकलेट छन् । यताउति गर्‍यो हात त त्यसैमा जान्छ," पारुले भनेकी थिइन् । पारुले उनको शरीरमा ध्यान दिनुपर्छ र खाना कम गर्नुपर्छ भनेर मैले धेरैचोटि भनेपछि एकदिन मलाई खुसी भएर भनिन्, "मलाई तौल कम गराउने संस्थाले आउनु भनेको छ । उनीहरूले रु. ४० हजारमा ग्यारेन्टीका साथ तौल कम गराउँछन् रे दुई हप्तामा । उनीहरूले खाने कुराको चार्ट पनि दिन्छन् रे । केही औषधि पनि दिन्छन् रे ।"

पारुको खुसीलाई काट्दै मैले भनें, "पारुजी त्यसरी ग्यारेन्टीका साथ तौल कम गर्ने कसैले भन्छ भने, त्यो त सोह्रै आना ठग हो । त्यस्तो कुनै औषधि छैन, जसले जादुको छडीले झैं तपाईंको तौल कम गराओस् । त्यसरी औषधि प्रयोग गरेर तौल घट्ने भए त अमेरिकाका त्यतिका मानिसले घटाउँथे होलान् नि । त्यसरी एकैचोटि तौल घटाउने क्रियालाई त्याग्नोस् र खानेकुरा कम गर्नोस् । कोदो, फापर, गहुँको च्याँख्ला आदिको प्रयोग बढी गर्नुस् । चकलेट धेरै नखानोस् र मुख्य कुरा पानी खाने र व्यायाम गर्नुस् ।"

पारुजीलाई कोदो र फापर स्वादिष्ट तरिकाले बनाएर पनि खान सकिन्छ भनेर एकदिन त घरमै बोलाएर ख्वाउनुपर्‍यो । "कोदो र फापर त मीठो पो हुँदो रहेछ," रोटीसँग गोलभेँडा अचार डुबाएर खाँदै उनले भनेकी थिइन् । त्यसपछि उनले कोदो र फापरलाई आफ्नो दैनिक भोजनका अङ्ग बनाइन् । हरियो तरकारी र टुसा उमारेको तरकारी अफिसमा लैजान थालिन् । बिहान उठेर व्यायाम गर्न थालिन् । दुई महिनापछि त उनको तौल पाँच केजी कम भयो । उनको अनुहारको छालमा चमक आयो । त्यसपछि त्यति क्रम अगाडि बढाउँदै गएपछि अर्को ६ महिनामा उनको तौल १० केजी कम भयो । सबैबाट धेरै प्रशंसा पाएपछि पारुले मलाई भनिन्, "तपाईंले मेरो रु. ४० हजार त बचाउनुभयो नै, मलाई जीवनभरको ज्ञान दिनुभयो ।"

मेरा कति डाक्टर साथीहरू त्यसमाथि पनि मोटोपन कम गर्नुपर्छ भनेर बिरामीलाई सिकाउने डाक्टर साथीहरू त कस्ता मोटामोटा छन् । रक्तचाप र मधुमेहको बिरामी छन् तर न उनीहरू खाना छोड्न सक्छन् न त योग गर्छन् । बरु समयसमयमा आफ्नो ठुलो भुँडी मसार्छन् र मीठो हाँसो हाँस्छन् । मेरो कुरा सुनेर पारु मरीमरी हाँसिन् र भनिन्, "तपाईंका डाक्टर साथीहरूलाई सायद तपाईंको कुरा अझै पुगेको छैन ।"

प्रायः मानिसहरूलाई मोटोपनबाट छुटकारा पाउन निकै गाह्रो हुन्छ किनभने खाना खाएर, मज्जासँग सुतेर, तेल र मसला हालेको मासु खाएर, वियर पिएपछि तौल जति मज्जासँग बढ्छ । त्यति नै मज्जासँग घटाउन गाह्रो हुन्छ किनभने त्यस्तो खानेकुरा खाने मानिसलाई खान्न भन्न साह्रै गाह्रो हुन्छ । साथै व्यायाम, योग त झनै गाह्रो हुन्छ किनभने त्यसको लागि त कडा अनुशासन चाहिन्छ । वियर, मासु र तारेको आलुका स्वाद त जिब्रोमा यसरी बसेको हुन्छ कि त्यसको अगाडि पछि हुने दुःखाइ पनि बिर्सिन्छ ।

मेरा एकजना मित्र छन् । उनलाई गाउटको छ । समयसमयमा उनलाई यस्तो दुख्छ कि उनी घुँडामा हात राखेर खुट्टा खोच्याउँदै हिँड्छन् । एकचोटि त गाउटले यस्तो चिसो पानीमा डुबाएर बस्नुपरेको थियो रे ! तर, वियर देखेपछि त कसोकसो मन चञ्चल भइहाल्छ । कतिपय मानिस यस्तै खाना र वियरबाट हुने मोटोपनको कारण उच्च रक्तचापको भई 'पक्षघात' भएपछि पनि रक्सी, मासु, तेल हालेको खान छोड्दैनन् । विस्तारै आत्महत्या गरिरहेका हुन्छन् । पुरुषहरूमात्र होइन, महिलाहरू पनि जिब्रोलाई तह लगाउन नसक्दा मोटोपनको कारणले गर्दा हुने समस्याले ग्रस्त हुन्छन् ।

एक संस्थामा कार्यरत शर्मिला नामकी महिला मेरो घरमा आएकी थिइन् घुँडा दुख्ने समस्यामा केही योगासन सिक्न सकिन्छ कि भनेर । मैले उनलाई भनेकी थिएँ, "शर्मिला योगासन र व्यायामले सँगै तिम्रो खानेकुरा पनि परिवर्तत गर्नुपर्छ ।" असी केजीकी शर्मिलाले "लौन के के खाने सिकाइदिनुस् न" भन्दा मैले घरमा कोदो र फापरको रोटी र सुप बनाएर प्लेटमा राखेर खान दिँदा उनले भनिन्, "यस्तो कोदो र फापर त हाम्रो घरमा कुकुरले पो खान्छ" । शर्मिलाको कुराले हाँसो त उठ्यो तर दुःख पनि लाग्यो ।

घुँडा दुखेर कसरी तौल कम गर्ने भनेर छलफल गर्न आएकी शर्मिलाको तौल दुई वर्षपछि पनि घटेको छैन । अहिले त उनलाई उच्च रक्तचाप भएको छ । घुँडाको दुखाइले गर्दा धेरै हिँड्न सक्दिनन् । उनलाई खानाको विषयमा भन्न छोडिसकेको छु । जबसम्म कसैलाई मनबाट नै तौल घटाउँछु भनेर लागेको छैन भने अरुले जति भने पनि लाग्दैन ।

मेरा एक जना आफन्तलाई झन्डै १५ वर्षअघि नै डाक्टरले तौल घटाउन भात र आलु कम गर्न सल्लाह दिँदा बरु मर्छु तर आलु त खान छोड्न सक्दिनँ भनेका थिए । उनको त्यो बानीले उनलाई उच्च रक्तचाप र मधुमेहको रोगी त बनायो नै, एकचोटि झन्डै पक्षघात नै भएको थियो । अहिले उनको स्वास्थ्य त ठीक छ तर उनको खानाबाट आलु चिनी, भात त गायब भएको छ । कोदो, फापर, चिनी नहालेको दूध र हरियो तरकारी उनको खाना बनेको छ । उनी अहिले बिहान एक घण्टा हिँड्छन् पनि । उनले सिके खाना कसरी खाने, हिँड्ने किन भनेर तर धेरै चर्को मूल्य तिरेर ।

हामीहरूमध्ये सायद धेरै जनाले त्यसरी नै सिक्नेछौं । मध्यम वर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरूमा पनि विभिन्न किसिमका चाउचाउ, चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनको धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमै मृत्युको मुखमा पुर्‍याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ?

*(लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ ।)*

---

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी २, भक्तपुर

## दादुरा रुबेला खोप अभियान २०८०/८१ बारे भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरूमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका समेत ९ महिनादेखि १५ वर्षभित्रका बालबालिकाहरूको लागि नेपाल सरकारले यही मिति २०८० साल फागुन १३ गतेदेखि दादुरा रुबेला खोप अभियान सञ्चालन गर्ने भएकोले आफ्ना बालबालिकालाई आफ्नो वडामा सञ्चालन हुने खोप केन्द्र (विद्यालय) मा खोप लगाउनुहुन अनुरोध गर्दछ ।

**खोप सञ्चालन हुने समय : बिहान १० बजेदेखि ४ बजेसम्म**

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
| --- | --- | --- |
| १. गणेश मावि<br>- सनसाइन<br>२. मोर्डन इ. स्कूल<br>३. सूर्यविनायक इङ्गलिस स्कूल<br>- सन्तति, निकल्सन<br>४. अक्सफोर्ड इङ्गलिस स्कूल | १ | २०८० फागुन १३ |
| १. हिमालयन ग्लोरी<br>- ज्ञानविजय स्कूल, हिमालयन एकेडेमी<br>प्रत्युसा मन्टेश्वरी स्कूल<br>२. जेसिस से. स्कूल<br>- सीबीआर,जागृति,सामुदायिक शिशुस्याहार<br>३.शारदा मावि<br>-होलि गार्डेन स्कूल<br>४. बासु स्कूल<br>५. एभरेष्ट स्कूल | २ | २०८० फागुन १४ |
| १. श्री पद्म मावि<br>- बालमन्दिर<br>२. मेधा मावि<br>- उदय आ.वि, ज्ञानतारा इ.स्कूल<br>३. राजश्री गुरुकुल<br>४. ग्लिटर फ्युचर<br>- श्री शारदा, सुस्त मनस्थिति<br>५. शान्ति निकेतन स्कूल | ३ | २०८० फागुन १५ |

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
| --- | --- | --- |
| १. तारा मावि स्कूल<br>- शिशुस्याहार, जनसेवा आ.वि.<br>२. ब्राइट स्टार इ. स्कूल<br>३. मिनर्वा इ. स्कूल<br>४. डेमोस स्कूल<br>५. लनर्स एकेडेमी स्कूल<br>६. साइनिङ स्टुडेन्ट्स स्कूल<br>७. सेकरिड हर्ट एकेडेमी स्कूल | ४ | २०८० फागुन १६ |
| १. श्री आदर्श आजाद स्कूल<br>- देउला आधारभूत, भारती आधारभूत<br>२. विद्यार्थी निकेतन स्कूल<br>बरदायणी आधारभूत<br>३. विद्या आर्जन स्कूल<br>४. प्रोक्सिमा इ. एकेडेमी स्कूल<br>५. चण्डेश्वरी आ.वि.<br>- वाइजल्यान्ड, इमेज स्कूल<br>६. नविन स्कूल<br>- बालसेवक, शिशुस्याहार | ५ र ७ | २०८० फागुन १७ |
| १. प्रभात मावि<br>-शिशुस्याहार भोलाछैं<br>२. गोल्डेन गेट स्कूल<br>३. द राइजिङ स्कूल | ६ | २०८० फागुन १८ |
| - श्री प्रावि<br>१. सैनिक आवाससीय महाविद्यालय - | शनिबार | २०८० फागुन १९ |

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
| --- | --- | --- |
| १. सूर्योदय मावि स्कूल<br>- शिशुस्याहार खँचा, मुनिबिहार स्कूल<br>२. महेन्द्र विद्याआश्रम स्कूल<br>३. लिटल वर्ल्ड स्कूल | ७ | २०८० फागुन २० |
| १. समाज सुधार मावि स्कूल<br>- महेन्द्र आ.वि., समाज सेवा इन्स्टिच्युट, भीमआदर्श स्कूल<br>२. बाल विकास स्कूल<br>- सिद्धि शारदा, ब्रम्हायणी, मनिङ ग्लोरी स्कूल<br>३. लिशा से. स्कूल<br>- ब्रह्मायणी आ.वि.स्कूल<br>४. ख्वप्रिङ इ. एकेडेमी स्कूल<br>- शिशुस्याहार लिबाली<br>५. प्रवेश एकेडेमी स्कूल<br>६. विद्याविकास स्कूल | ८ | २०८० फागुन २१ |
| १. वागीश्वरी मावि स्कूल<br>२. सरस्वती मावि स्कूल<br>- दत्तात्रय मावि, अमरज्योति मन्टेश्वरी स्कूल<br>३. क्रियटिभ इ. स्कूल<br>- हंसबाहिनी स्कूल | ९ | २०८० फागुन २२ |
| १. जेन्यूइन इ. स्कूल<br>- किन्डर केयर वर्ल्ड, हिमालय एकेडेमी स्कूल<br>२. मनकामना इ. स्कूल<br>- कमलविनायक किन्डर गार्डेन स्कूल<br>३. माउन्ट भ्याली स्कूल<br>४. न्यातपोल इ. स्कूल<br>- समता स्कूल<br>५. पारागन एकेडेमी<br>- ग्लोबल लाइफ, विज्डम इ. स्कूल<br>६. इस्ट प्वाइन्ट इ. स्कूल<br>७. भक्तपुर रोम्बस इ. स्कूल | १० | २०८० फागुन २३ |

*भन्सारमा...*

दलका नेताहरूको लवाइखवाइ स्वदेशी उत्पादन नहुँदा सरकारसँग सकारात्मक उदाहरण नै नभएको जनताले गुनासो गर्दै छन् । यो सात महिनामा सरकारको आयात ८ खर्ब ९७ अर्ब ९४ करोड भयो भने निर्यात ८६ अर्ब ८३ करोडमात्र भयो । नेपालको कृषि ध्वस्त पारेको सरकारले कृषिप्रधान देश नेपाल भनी दोहोऱ्याइरहनु लाजमर्दो होइन र ?

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १० गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार - सं.)*

**शासक दलहरू तिहुन चाख्ने र दहीचिउरे हुन् र ?**

राजनैतिक दल एक वर्ग आधारमा स्थापना र सञ्चालन हुन्छ । राजनैतिक दल सञ्चालन हुन दर्शन, सिद्धान्त र विचार हुनु जरूरी छ । राजनैतिक दलको मस्तिष्क राजनैतिक दर्शन नै हो ।

संविधानमा समाजवादउन्मुख व्यवस्था छ । नेपाली काङ्ग्रेसले आफूलाई प्रजातान्त्रिक समाजवाद र एमाले एवम् माओवादीले आ-आफूलाई कम्युनिस्ट दाबी गर्छन् । समाजवादको अर्थ कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्याला र शोषण गर्न नपाउने हो ।

व्यवहारमा सरकार विदेशी पुँजीको दलालजस्तै भइरहेको छ । सरकारले निजीकरणको नाममा अर्थतन्त्र विदेशी दलालकै कब्जामा दिइरहेको छ । योग्यलाई जिम्मेवारी दिइएको छैन । आफ्ना मान्छे, प्रधानमन्त्री र मन्त्रीका मान्छे नियुक्ति भइरहेका छन् । शिक्षा समितिमा आमन्त्रित सहभागी चैतन्य मिश्रले अहिलेलाई त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्राध्यापक राममनोहर श्रेष्ठजस्तो उपयुक्त हुने सुझाउनुभयो । तर, उहाँको नाम सरकारी सूचीमा परेन । सरकारले शोषणलाई कानुनी बनाउँदै छ । शोषण अन्त्य गर्न सकेको छैन ।

कुनै एक राजनैतिक दललाई विभाजन गराउन केन्द्रीय समिति वा संसदीय दलको २० प्रतिशत भए पुग्ने अध्यादेश जारी गरियो । अब नेका, एमाले, माओवादीमध्ये कुन दललाई विभाजनबाट रोक्न केन्द्रीय समिति र संसदीय दलको ४० प्रतिशत मत नै चाहिने भनेर साबिक व्यवस्था गर्न यो विधेयक ल्याइएको हो ?

नेकाका सांसद शेखर कोइरालाले गठबन्धन सरकार पूर्ण असफल भएको बताउनुभयो । अब शेखर कोइराला समर्थक नेकाका सांसदहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिने त होइन ?

शासक दलहरू तिहुन चाख्ने र दहीचिउरे हुन् र ? राजनैतिक दललाई निर्वाचनको मतको आधारमा 'राष्ट्रिय' र 'अराष्ट्रिय' भनी छुट्याउनु प्रजातन्त्र होइन । पञ्चायत सरकारले नेपाली काङ्ग्रेस पार्टीलाई नै 'अराष्ट्रिय पार्टी' भनेको हो, होइन र ? अहिले नेका, एमाले, माओवादी त्यही पञ्चायती भाषा किन बोल्दै छन् ?

सांसद माधवकुमार नेपाल पनि ३ प्रतिशत प्रावधानको पक्षमा थिए । अहिले उनकै पार्टीका १० सांसद छन् तर ३ प्रतिशत छैन, राष्ट्रिय पार्टी भएन । यसकारण, सांसद माधवकुमार नेपालको दोस्रो पटकको प्रधानमन्त्रीमा आरोहण खुस्किने भयो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा दृष्टिकोण राख्ने सबै राष्ट्रिय पार्टी हुन् । त्यस्ता दृष्टिकोण नराख्ने पार्टीलाई सदस्य सङ्ख्या देशभरि बढी फैलिए पनि राष्ट्रिय पार्टी भन्न मिल्दैन ।

सिद्धान्त र नीति मिल्ने दलबिच निर्वाचन गठबन्धन र सत्ता गठबन्धनमात्र हुनुपर्दछ । प्रधानमन्त्री, मन्त्री, सांसद बन्न सिद्धान्तहीन गठबन्धन हुनु देशको लागि घातक हो । सरकारमा गएर निर्वाचन घोषणापत्रअनुसार काम नगरेकाहरूको गठबन्धन पनि घातक नै हो ।

इतिहास अध्ययन गर्दा पुँजीपतिवर्गले सामन्तवादविरोधी सङ्घर्षमा सहभागी कामदारवर्गलाई दवाएको उदाहरण धेरै छन् । सन् १६४९ मा पुँजीपतिवर्गले बेलायतमा किसान विद्रोहलाई दबायो । सन् १७८६ मा अमेरिकी पुँजीपतिवर्गले डेनियल रोजको किसान विद्रोहलाई दबायो । सन् १७९४ मा फ्रान्सको पुँजीपतिवर्गले समानतावादीहरूलाई दबायो । नेपालमा २०४६ सालपछि बहुदलको लागि लडेका कामदारवर्गलाई शासक दलहरूले दबाइरहेका छन् ।

मजदुरवर्गका गुरू एङ्गेल्सले भन्नुभएको थियो, "सामन्ती दृष्टिकोणले 'भूत' को प्रतिनिधित्व गर्छ । पुँजीवादी दृष्टिकोणले पराजयको प्रतिनिधित्व गर्छ । मजदुरवर्गको हित मजदुरवर्गले मात्र गर्छ ।"

नेताको नाममा सहर, सडक, प्रतिष्ठान, औद्योगिक क्षेत्र बनाएर भ्रष्टाचार र कमिसन खाने दलहरू कसरी राष्ट्रिय दल हुनसक्छन् ? यस्ता दलहरू पनि देशघाती हुन् ।

बेलायतको पुँजीवादी पार्टीको नाम 'श्रमिक पार्टी' राखियो भने हिटलर र मुसोलिनीजस्ता फासीवादीहरूले 'राष्ट्रिय समाजवाद' दाबी गरी मजदुरवर्गलाई धोका दिए । भारतको दक्षिणपन्थी 'भाजपा' ले पनि युवाहरूको दस्ता 'राष्ट्रिय स्वयम्सेवक दल' तथा विद्यार्थी र युवाहरूको सङ्गठन बनाएर कामदारवर्गलाई धोखा दिँदै छन् ।

नेकाको समाजवाद र एमाले-माओवादीको कम्युनिस्ट दाबी गोर्खा परिषदको 'शोषणविहीन समाज' र पञ्चायती सरकारको 'शोषणरहित समाज' जस्तै धोका साबित भइरहेको छ ।

दलगत अहङ्कारको ठाउँमा विनम्रता, अरूमाथि आफ्नो विचार थोप्नुभन्दा अरूको सकारात्मक अनुभव र योगदानबाट सिक्ने, तल्लोवर्गको सेवा गर्ने धैर्यले मात्र नेपाललाई अघि बढाउन सक्नेछ ।

बाल मन्दिर, छायाँ कम्प्लेक्सलगायत सार्वजनिक सम्पत्ति जग्गा, जङ्गल, पोखरी खानेहरूमाथि तत्काल कारबाही गरी ती सम्पत्ति पुन: सार्वजनिक गर्न गराउन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

(प्रधानमन्त्री दाहालको तर्फबाट सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले सांसद सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचनामा समावेश विषयलाई सम्बोधन गर्ने प्रतिबद्धता गरेनन् । तत्पश्चात् सांसद सुवालले शासक दलहरूलाई स्वअनुशासनमा राख्न हामीले प्रस्तुत गरेका विषयहरू विधेयकमा समेट्नु जरूरी छ । यो विषय समेट्ने गरी मन्त्रीको प्रतिबद्धता नआएको हुँदा आफ्नो विरोधको सूचना फिर्ता नलिने जानकारी गराउनुभयो ।

विरोधको सूचना निर्णयार्थ पेस हुँदा प्रमुख विपक्षी एमाले र अर्का विपक्षी रास्वपाका सांसदहरू महेश वर्तौला र निसा डाँगी उठेर सभामुखको ध्यानाकर्षण गराउनुभयो । सांसद वर्तौलाले गणपूरक सङ्ख्या यकिन गर्नुपर्नेतर्फ सभामुखको ध्यानाकर्षण गराउनुभयो । तीन मिनेट घण्टी बजाएर गणपूरक सङ्ख्या यकिन गरिँदा ६९ जना सांसद हुनुपर्नेमा ६५ जना सांसद मात्र बैठकमा उपस्थित भयो । बैठकको बाँकी कार्यसूचीलाई हटाइयो र फागुन ११ गते बिहान ११ बजे बैठक बस्ने गरी स्थगित गरियो ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १० गते प्रतिनिधिसभाको बैठकमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक २०८० माथि विरोधको सूचना प्रस्तुत गर्दै राख्नुभएको मन्तव्यको सार - सं.)*

*देशमा...*

नेपालमा हजारौंको सङ्ख्यामा एनजीओ र आइएनजीओहरू सञ्चालनमा रहेको बताउँदै उहाँले नेपालको शिक्षा, धर्म र स्वास्थ्य क्षेत्रमा लगानीको नाममा ती संस्थाहरूबाट आर्थिक चलखेलहरू भइरहेको बताउनुभयो ।

शासकहरूलाई बुँख्याचा बनाउन एनजीओ र आइएनजीओहरू उद्दत रहेको बताउँदै उहाँले भारतीय एनजीओ आइएनजीओहरूले नेपालको सार्वभौमिकता र सम्प्रभुतामाथि हमला गर्ने प्रयास भइरहेको बताउनुभयो ।

वागीश्वरी मावि सञ्चालन समितिका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले वागीश्वरी मावि स्थानीय जनताले अपनत्व गरेको र राजनीतिक नेतृत्वले मार्गनिर्देश गरेको शैक्षिक संस्था भएको बताउँदै वागीश्वरीले शैक्षिक पाठ्यक्रमको पठनपाठनसँगै विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा पनि प्रशिक्षित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा कलेज स्थापनादेखि हालसम्म ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भइसकेको तथ्याङ्क रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छा र वागीश्वरी कलेज तथा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य धनकुमार श्रेष्ठले विद्यालय र कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । कार्यक्रममा संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुईतुई, नगर शिक्षा अधिकृत साधुराम फुँयाल, शिक्षक राजन लाखा, विद्यार्थी प्रतिनिधि छात्रा काजल थापा र छात्र सुवान सुवालले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले २५ वर्ष सेवा प्रदान गर्नुभएका शिक्षक पियुषराज गोसाईलाई सम्मान र उत्कृष्ट शिक्षक र कर्मचारीहरूलाई पनि सम्मान गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूद्वारा विद्यालय र कलेजका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । सोही क्रममा विद्यालयमा अध्यापनरत शिक्षकमार्फत ७३७ विद्यार्थीहरूलाई छात्रवृत्ति रकम हस्तान्तरण गरिएको थियो । औपचारिक कार्यक्रमपश्चात् विद्यार्थीहरूद्वारा सांस्कृतिक कार्यक्रमहरू देखाइएको थियो ।


## हार्दिक समवेदना



जन्म
२०१२/१०/२५

निधन
२०८०/११/०५

यस संस्थाका कर्मचारी राधामैयाँ ह्योंग्वाका पूजनीय पिता **नारायणभक्त ह्योंग्वा**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा - ९, फोन नं. ०१-६६१४६८६

## हार्दिक समवेदना



जन्म
१९९३/०७/०८

निधन
२०८०/०९/२५

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रमा कार्यरत हाम्रा आत्मीय मित्र मिठु अवालका ससुरा बुबा **काशीबहादुर अवाल**को दु:खद निधन भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शिशु स्याहार तथा बाल विकास केन्द्र परिवार**
भक्तपुर नगरपालिका

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**२०८० फागुन १० गतेदेखि लागु हुने संस्थाको बचत सेवा र ऋण सुविधाहरूको ब्याजदर**

| बचतको प्रकार | ब्याजदर | ऋण सुविधा | ब्याजदर |
|---|---|---|---|
| नियमित | ७% | कृषि/स्वास्थ्य/नवनिर्माण | ११% |
| समृद्धि/स्वास्थ्य/बाल | ६% | शैक्षिक | ११.५% |
| दैनिक | ६% | हायरपर्चेज/सवारी साधन | १२% |
| ऐच्छिक | ५.५% | घर निर्माण | ११.५% |
| **आवधिक बचत:** | | उपभोग्य/घरायसी | १२.५% |
| १ वर्षे | ९.२५% | उद्योग/पशुपक्षी पालन/सामूहिक | १२% |
| ९ महिने | ८.५% | व्यापार/व्यवसाय | १२% |
| ६ महिने | ७.५% | घरजग्गा खरीद | १३% |
| ३ महिने | ६.५% | निक्षेप कर्जा/बचत सरह | थप २% |
| ज्येष्ठ नागरिक बचत (३ महिने-१ वर्षे) आवधिक | ६.७५% -९.५०% | दैनिक बचत ऋण | १२% |
| | | लघुवित्त समुह जमानी | १२% |
| १ वर्षे मासिक ब्याज भुक्तानी योजना (प्रतिलाख) | ८३०।- | बैङ्क ब्यालेन्स सो | ०.६५% -२.६% |
| | | जमानी (बचत/शेयर र सदस्य) | ११.५% |
| | | नव उद्यम | १०% |

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म
१९९४

निधन
२०८०/१०/२८

यस विद्यालयका कार्यालय सहयोगी श्रीमती करणलक्ष्मी घटुवाका ससुरा **रामभक्त घटुवा**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**बासु माध्यमिक विद्यालय परिवार**
कालीघाट, ब्यासी-२, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२०१२/१०/२५

निधन
२०८०/११/०५

**नारायणभक्त ह्योंग्वा**

हाम्रा आत्मीय मित्र OFG ग्रुपका सदस्य गणेशराम ह्योंग्वाका पूजनीय पिता **नारायणभक्त ह्योंग्वा**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**साथीहरू**

विनोद गाईजु, रविन कोजु, सुन्दर खायमली
निराजन गाईजु, जीवन कोजु, दयाराम बेकोजु
इपेन्द्र गाईजु, कृष्णसुन्दर लुंबन्जार
सुनिल गाईजु, समिर कुस्मा, रविन लाखेमरू
न्हुछेराम गाईजु, दिनेश कुस्मा, सुरज झाङ्गजु
पुण्यराम गाईजु, रविन गोठे
सुनिल कोजु, सीताराम सैंजु, कृष्णराम दुवाल

**तथा OFG ग्रुप परिवार**


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा